# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव जातिको विकास र विस्तारलाई प्रभावित पार्ने भूखण्डको वितरणले गर्दा यहाँ विभिन्न जाति, धर्म, पेसा र संस्कृति भएका मानिसहरुको बसोबास छ । भौगोलिक वितरणको हिसाबले क्षेत्र विशेषमा कुनै एक जातिको बाहुल्यता रहे पनि वर्तमानको आधुनिक तीव्र परिवर्तन आपसी सम्पर्क र आदान प्रदानले सबै नेपालीहरु एकीकृत सामाजिक सङ्गठनको धरातलमा बाँधिएका छन् । (अधिकारी रेसराज- २०५६)

सामाजिक सम्बन्ध आर्थिक, सांस्कृतिक, राजनैतिक तथा प्राविधिक पक्षहरुसँग जोडिएर आउँछ । सामाजिक परिवर्तन समाजमा आएको विविध शिक्षा, स्वास्थ्य, रोजगारी, विवाह, लिङ्ग, विवाहको उमेर, जस्ता विविध पक्षमा परिवर्तन भएको पाइन्छ । सामान्यतया उक्त सम्बन्धले समाजका विविध पक्षमा परिवर्तन भएको पाइन्छ । अत्याधुनिक सञ्चार, विकास, तथा विश्वव्यापीकरणले गर्दा कुनै पनि समाज समुदाय अलग रहन सकेको छैन् । जुन चेपाङ जातिमा पनि अछुतो रहन सक्दैन । समाज दुई वा दुईभन्दा बढी व्यक्ति तथा परिवारहरुको समूह हो र सामाजिक सम्बन्धको जालो पनि हो । विभिन्न जात, जाति, धर्म, संस्कार मूल्य, मान्यता, परम्परा, संस्कृति अँगाल्ने र विविध सोच, धारणा, भावना, भिन्नता, रुचि, स्तर, उमेर, क्षमता योग्यता भएका व्यक्तिहरुको बसोबास गर्ने जमात नै समाज हो । मानव सामाजिक प्राणी भएकोले समाजबिना एक्लै जिउन असम्भव छ । सुखमय जीवन, सहयोग, सहकार्य  समन्वय गरी सामजिक भावनालाई आत्मसातका साथ अगाडि बढ्नु पर्ने हुन्छ । पृथ्वीमा मानवको उत्पत्ति भएदेखि नै एक आपसमा मिलिजुली, सामुहिक बस, उठ, हिँड, डुल, व्यवहार, दिनचर्या बिताइ, मानवको विकास र विस्तार यहाँसम्म हुँदै आइरहेको छ । व्यक्तिगत र सामुहिक चाहना पुरा गर्न र व्यक्तिलाई असल मार्गमा डोऱ्याई सफल जीवन निर्माणको लागि पनि समाज, अपरिहार्य संस्था हो । समाजमा बसेपछि प्रत्येक व्यक्ति, परिवारले सामाजिक मूल्य मान्यतालाई स्वीकार गरी अक्षरशः पालना गर्नुपर्ने हुन्छ । प्रत्येक जात, जाति समाजकै सिर्जना हो र सकारात्मक वृद्धि, विकास र विस्तारको सहयोगी समाज नै हुने गर्दछ ।

समुदाय भन्नाले समूहमा पारस्पारिक, मेल, सद्भाव, सदाचार, स्वावलम्बी र सर्वजनहितायको भावनाबाट अभिप्रेरित भएको र भइरहने समूहलाई भनिन्छ । एउटा सङ्गठित समूह मानव प्राणीको हितमा प्रयत्नशील रहने जमातलाई समुदाय भनिन्छ । ढुङ्गे र सिकारी युगबाट विकसित हुँदै आएको आजको मानव तत्कालीन समयमा पनि समूह र सङ्गठनमा नै रहेर बस्ने गर्दथे । राउटे, कुसुन्डा, बनकरियादेखि सभ्य, उच्च र विकसित जात, जाति सबै समुदायमा नै बसोबास गर्दछन् । आफ्नो व्यक्ति र परिवारको चाहना र भावना तथा लक्ष्य उद्देश्य पुरा गर्न समुदायको महङ्खव भूमिका र गरिमा उल्लेखनीय रहेको हुन्छ । समाज र समुदाय मानवीय आवश्यकता हो । सृष्टि चलाउन राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा मानव अस्तिङ्खव पहिचान र उपस्थितिलाई बलियो बनाउन समाज र समुदायको योगदान विशाल रहेको हुन्छ । समान चासो, चिन्ता, विचार कल्याण साथै समान लक्ष्य र उद्देश्य बोकेर अग्रगति दिन तत्पर प्रयासरत व्यक्तिहरुको समूह नै समुदाय भएकोले सङ्घ संस्था पार्टी सङ्गठन सबैमा असल भावना बोकेका व्यक्ति कार्यकर्ताहरुको सहभागिता अनिवार्य हुन्छ । सुखः दुखमा सहयोग, जन्म, विवाह, मृत्यु, न्वारन, चार्ड पर्व, धर्म, संस्कार, संस्कृतिलाई परिवर्तन र सुधार गरी सही मार्गमा ल्याउनको लागि समाज र समुदायको आवश्यकता जरुरी हुन्छ । सामाजिक जीवनका सबै पक्षसम्मलित साधारण जीवनका आधारभूत अवस्था एक आपसमा हस्तान्तरित, निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने, निश्चित नियम मान्यताबाट सञ्चालित वर्ग नै समुदाय भएको हुनाले त्यस समाजमा बस्ने मानवहरु शैक्षिक अवस्था तथा चेतनाको स्तर कस्तो कति छ भनेर विश्लेषण गर्नु पर्दछ । समाजमा रहेपछि व्यक्ति सबै पक्षबाट योग्य हुनुपर्दछ । शिक्षित समाज निर्माण आजको आवश्यकता हो । समाज ढुङ्गे सिकारी युगबाट आजको अवस्थासम्म आई पुग्न धेरै सङ्घर्ष र दुख पार गरेर सम्भव भएको हो । असल बानी बेहोरा सकारात्मक विकासको लागि शिक्षा अपरिहार्य र अनिवार्य पक्ष हो । शिक्षाबिनाको समाज आँखाबिनाको मानव जस्तै हुन्छ । शिक्षाको उज्यालो घामले सभ्य, सुसंस्कृत, योग्य चुनौती सामाना गर्न सक्ने मानवीयताले भिरपूर्ण सुन्दर सुखमय जीवन बिताउन सक्ने भावी पिढीको प्रेरणाको स्रोत बन्नको लागि सहयोगको लागि सबै जात, जातिमा समाज, समुदायमा सरल र सहज ढङ्गबाट शैक्षिक पहुँच पुग्नु पर्ने हुन्छ । २१ औं सताब्दीमा शिक्षा प्रत्येक मानव तथा जात, जाति, धर्म संस्कार अँगाल्ने वर्गको मुटु हो ।

प्राचीन काल, मध्यमकाल र आधुनिक कालमा पनि शिक्षाको महङ्खव विशाल रहेको इतिहासहरुमा पाउदँछौ । महिला पुरुष, दलित, जनजाति, पिछडिएका वर्ग सबैको लागि शिक्षा आवश्यकीय पक्ष हो । शिक्षाको विकासबिना कुनै पनि जातजाति वर्गको विकास असम्भव हुनेमा दुई मत छैन । सबै जातजाति जस्तै चेपाङ जातिको पनि आफ्नै धर्म संस्कृति र परम्परा र समाज रहेको हुन्छ । चेपाङ जाति हिन्दु धर्म मान्ने भए तापनि हाल आएर चेपाङका अगुवाहरुले चेपाङ जातिको धर्म प्राकृतिक भन्न थालेका छन् । चेपाङ नेपालका ६१ जनजाति मध्ये १ सीमान्तकृत पिछडिएको जाति हो । चेपाङ जाति मुख्य गरेर चितवन, मकवानपुर, धादिङ, गोर्खा लगायत बारा, पर्सा, रौतहट, नवलपरासी, तनहुँ र काठमाडौं जिल्लाहरुमा पनि छरिएर बसोबास गर्न थालेका छन् । अधिकांश चेपाङहरु दुर्गम विकट क्षेत्रका भिर, पाखा, पखेरा डाँडाकाँडा, उकालो, ओरालो र गुफाहरुमा बसोबास गरिरहेका पाइन्छ । थोरै सङ्ख्यामा मात्र चेपाङहरु सुगम र सहरी क्षेत्रमा बस्दछन् । समग्रमा चेपाङहरु आधारभूत सेवा सुविधाबाट टाढा रहेका छन् । मानव सभ्य सुखी र सशक्त बन्नको लागि शिक्षाको अवस्था र पहुँच सुढृढ हुनुपर्दछ । चेपाङ समाज समुदाय शिक्षाको चेतना स्तरमा अत्यन्त कमजोर रहेको कारणले राज्यको विभिन्न अवसरहरुबाट वञ्चित रहिरहेको पाउँछौं ।

नेपाल एक भौगोलिक विविधता भएको देश हो । भौगोलिक रुपमा सानो राष्ट्रको रुपमा रहे पनि यहाँको भौगोलिक विविधता अतिरिक्त आफ्नै किसिमको अलग्गै मौलिक सामाजिक सांस्कृतिक विशेषताहरु रहेका छन् । यस देशका विभिन्न समुदाय, जात तथा जनजातिहरुको आफ्नै मौलिकता, संस्कृति, परम्परा र रीतिरिवाजहरु रहेका छन् । यस नेपाल राष्ट्रको धरातलीय वातावरण तथा वनस्पतिहरुमा विविधता पाइन्छ । जसमा विभिन्न जाति, जनजाति तथा भाषा भाषिका मानव समुदायहरु बस्ने गर्दछन् । नेपालको इतिहासलाई हेर्ने हो भने यहाँ बसोबास गर्ने विभिन्न जाति र समुदायका मानिसहरु विभिन्न समयमा उत्तर र दक्षिणबाट नेपाल प्रवेश गरेको पाइन्छ । यसरी विभिन्न समयमा नेपाल प्रवेश गर्ने क्रममा विभिन्न जाति समुदायहरुले आफ्नो भाषा, धर्म र संस्कृतिलाई सँगै लिएर आए, समय क्रमसँगै परिवर्तनहरु पनि भए । यही क्रममा नेपालमा जातीय विविधता देखा पर्‍यो । यस देशमा विभिन्न जात तथा समुदायको आफ्नै मौलिककला संस्कृति परम्परा र रीतिरिवाजहरु रहेका छन् । हरेक जाति जनजातिहरुको आफ्नै जनजातीय विशेषता, सांस्कृतिक जीवन शैली र मूल्य मान्यताहरु छन् । अधिकांश जातजातिका आआफ्नै भेषभुषा

र निश्चित भौगोलिक बासस्थान रहेको पाइन्छ । यति धेरै आआफ्नै मौलिक संस्कृति, भेषभुषा जीवनशैली र मूल्यमान्यता बोकेको जाति जनजातिहरु नेपालमा बसोबास गर्दै आए पनि यहाँका विविध जाति जनजातिको विचमा द्वन्द्व तनाव भएको देखिँदैन । राष्ट्रियताप्रति सबैको एक मत देखिन्छ र एक अर्का बिचको सामाजिक सहिष्णुता रहेको पाइन्छ । एक जातिको कला संस्कृति, धर्म तथा रीतिरिवाजहरुलाई अर्को जातिले अभिरुचिपूर्वक अवलोकन र अवलम्बन गर्ने गरेको पाइन्छ। नेपाली समाजमा अनेकतामा एकता रहेको छ।

विभिन्न जातजातिहरुको साझा फूलबारीको रुपमा रहेको नेपालमा वि. स. २०५८ को राजपत्रमा ६१ जनजातिमध्ये २६ जनजातिको विवरण खुलाइएको छ । जसमध्ये मगर, गुरुङ, दनुवार, तामाङ, राउटे, नेवार, भोटे,बेटे, कुमाल, लिम्बु, राई, लेप्चा, दमाई, घान्द्रुक, चेपाङ, दुनवार, गनगाई, राजवंशी, थारु, धामी, राजी, जिरेल, माझी, सेर्पा, थकाली र कुमाल रहेका छन् । वि.स. २०५८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसङ्ख्याको ३५.६% अर्थात् ६५ लाख ६२ हजार २ सय ६२ जनजातिहरुको जनसङ्ख्या रहेको छ।

नेपालमा प्रथम राजवंशका रूपमा गोपाल वंशलाई मानिन्छ । त्यसपछि किरात राजवंशलाई पराजित गरी आफ्नो शासन चलाए । गोपाल वंश आर्यमूलका र किरातहरू मङ्गाले मूलका थिए । किरातहरूले नेपालमा कति वर्ष शासन गरे भन्ने विषय अपुष्ट नै भए तापनि कसैले ७०० वर्ष, कसैले १११८ वर्ष, कसैले १६३० वर्ष, कसैले १८२० वर्ष, कसैले २६३२ वर्ष त कसैले ३००० वर्ष जति शासन गरे भनेर उल्लेख गरेका पाइन्छन् । त्यसपछि किरातहरूलाई लिच्छवीहरूले विस्थापित गरे । लिच्छवीहरूले आठौँ शताब्दीसम्म शासन गरेका थिए । उनीहरू आर्यवंशी क्षत्रिय थिए । यसरी नेपालमा आर्य र मङ्गोल जातिहरू समानान्तर रूपमा बस्दै आएको इतिहास साक्षी छ । वर्तमान नेपाली समाजका पुर्खाहरू उनै गोपाल, किरात र लिच्छवी वंशका नै थिए । उनीहरूको अवशानपछि अन्य बेग्लाबेग्लै जातिहरूको उदगमन भएको हो ।

ऐतिहासिक प्रमाण अनुसार गोपालवंशीहरू र भगवान् कृष्णको साथ लागेर नेपाल आएका थिए भनिन्छ भने किरातहरू इसापूर्व १२०० तिर भारतको बाटो हुँदै काठमाडौँ उपत्यका प्रवेश गरेका थिए । त्यसैगरी लिच्छवीहरू पनि लगभग ईसापूर्व २०० तिर भारतको बैशाली (हालको मुजफ्फरपुर जिल्ला) तिरबाट निकै ठुलो सङ्ख्यामा आएर नेपालमा बसोबास गर्न

थालेका कुरा वंशावलीका आधारमा जान्न सकिन्छ । यसरी नेपालका तिन वटै प्राचीन राजवंशको उद्मगस्थल भारत भएको स्पष्ट हुँदाहुँदै आजका नेपालका जनजातिहरूले आफूहरूलाई आदिबासी जनजाति भएको दाबी गरिरहेका छन् र अन्य सबैलाई नवागन्तुक जातिमा गणना गर्दै आफ्नै मात्र प्रभुत्व स्थापना गर्ने प्रयासमा लागेका छन् । यस्ता कार्यले समस्या समाधान गर्नुको साटो थप जटिलता सिर्जना गर्दछ ।

वि.स. २०५८ सालको राष्ट्रिय जनगणनामा ५२,२३७ जनसङ्ख्या रहेको चेपाङको समग्र शैक्षिक अवस्थाको विश्लेषण अध्ययन अनुसन्धान गर्दा शैक्षिक स्तर न्यून भएको कारणले चेपाङ जातिको उत्थान, विकास र विस्तारमा समाज र राज्यलाई कठिनाइ भएको देखिन्छ । शिक्षालाई प्रमुख आवश्यकता मानेर अगाडि बढ्नु पर्ने अवस्थामा चेपाङ जातिको दयनीय शैक्षिक अवस्थाबाट तीव्र विकासमा अवरोध पुगेको छ । राज्य र सम्बन्धित निकायबाट चेपाङ जातिको ससक्तीकरण गरी उपलब्ध सेवा, सुविधा र अवसरहरुमा पहुँच पुऱ्याउन आवश्यक देखिन्छ । जसको लागि शिक्षा अनिवार्य हुन आउछ । शिक्षाकै कारणले चेपाङहरु पछाडि परेको यथार्थतालाई बुझ्दै सरकारले २०३४ सालबाट प्रजा विकास कार्यक्रम लागू गरी केही गर्न खोजेको देखिन्छ । चलाख, शिक्षित र बिद्धान् व्यक्ति पूजनीय बन्ने समाजमा चेपाङ जातिको शैक्षिक अवस्था वृद्दि गर्नु पर्ने आजको आवश्यकता हो । मकवानपुर जिल्लाको हाँडीखोलामा रहेको २८९ घरपरिवारलाई मात्र आधार मानेर शैक्षिक अवस्था र सामुदायिक पहुँच विषयमा अध्ययन अनुसन्धान विश्लेषण गर्दा आन्तरिक र बाह्य कारणले चेपाङ जातिहरु पछाडि परेको पाउँछौं । हाँडीखोला गा.वि.स.को सबै वडाहरुको अध्ययन गर्दा स्वास्थ्य, सरसफाई, शिक्षा, रोजगारी, जिन्सी, सम्पत्तिप्रतिको अधिकार चार्ड पर्व, धर्म, संस्कृति लगायत विविध पक्षहरु कमी कमजोरी रहेको पाइन्छ । कमाइभन्दा बढी खर्च गर्ने, छोरा/छोरीलाई विद्यालय नपठाउने, आफ्नै जातसँग बढी घुलमेल हुन रुचाउने, डोको, डालो, नाम्लो बुन्ने, बिक्री गर्ने, माछा मार्ने, ऐलानी सुक्खा भिर, पाखामा बसोबास गरेको पाइयो । अधिकांश तामाङ जाति भए तापनि क्षेत्री बाह्मण, दलित र गुरुङ, मगर, नेवार, दनुवार राई, बनकरिया, सहितको मिश्रित बसोबास भएकोले शिक्षामा समान पहुँच पुऱ्याउन सबै पक्षको ध्यान जान जरुरी हुन्छ ।

तत्कालीन सरकारले पनि पञ्चायतकालमा सेतामगुराली अर्थात् शेर्पा, तामाङ, मगर, गुरूङ, राई, लिम्बु र अलिपिछ गएर थारूसमेत गरी सात वटा जातिलाई आदिबासी मान्दै

आएको थियो भने प्रजातन्त्रको पुर्नस्थापनापश्चात त गम्भिरतापूर्वक विचारै नगरी जनजातिकै दबावमा परेर ६१ जातिलाई आदिबासी भनी घोषणा गऱ्यो । नेपाल सरकाले उनीहरूलाई आदिबासी घोषणा गर्दा विचार पुऱ्याएन भने स्थान विशेषका आधारमा आदिबासी नामकरण गरिनु हुँदैनथ्यो । सरकारले आदिबासीको सूचीमा निम्न ६१ जातिलाई राखी आदिबासी भनी घोषणा गऱ्यो । आदिबासीमा सेर्पा, तामाङ, मगर, गुरूङ, राई, लिम्बु, कुमाल, कुसुन्डा, राउटे, सुरेल, जिरेल, मेचे, बोटे, दुरा, सतार, दनुवार, चेपाङ, पहरी राजवंशी, नेवार, चेब्चो, झाँगड, धिमाल, थकाली भोटे, स्याङ्तान, हायु, माझी, किसान, दरै, सुनुवार, ताङ्वे, मनाङे, थामी, डोल्पो, थारू, ल्होमी, व्यासी, धानुक, हयाल्मो, कुसबाडिया, गनगाई, चिम्बन, छन्त्याल, हैरोत, ठिन्तन र सजिलै दब्ने, आँट र जाँगर नभएका, नौलो काम र नौलो ठाउँ नरूचाउने खालका देखिन्छन् । एक बस्तीमा करिब ११ देखि २० घर धुरीसम्म रहेको चेपाङ समुदायमा औसत परिवार सङ्ख्या ७ रहेको छ । यो जातिको भाषा चेपाङ भाषा हो । जसको लिपि छैन । यिनीहरू आफूलाई आर्यवंशी भन्ने गरे तापनि यो जाति मङ्गोल वंशीय नै हो । तत्कालीन राजा वीरेन्द्रबाट वि. सं. २०३४ सालमा मध्यामाञ्चल विकास क्षेत्रको भ्रमणमा हुकुम बक्स भएपछि औपचारिक रूपमा चेपाङ जातिलाई प्रजाजाति भन्न थालियो । २०३४ सालमै यिनीहरूलाई पनि अन्य जनजाति सरह पुऱ्याउने भन्ने हुकुम बक्स भए अनुसार २०३४/०३५ आ. व. मा तत्कालीन पञ्चायत प्रशिक्षण केन्द्र भुलियाले एक तथ्याङ्क तयार पारी राष्ट्रिय प्रवाहमा ल्याउन प्रयास गऱ्यो भने आ.व. २०३५/०३६ देखि सरकारी रूपमा स्थानीय विकास मन्त्रालय जि.वि.स. को तर्फबाट सक्दो प्रयास भै रहेकोछ । प्रजा विकास कार्यक्रम कुनै जनजाति विशेषको उत्थान तर्फ लक्षित पहिलो प्रयास हो ।

नेपालको जनसङ्ख्या २,२७,३६,९३४ मा चेपाङ (प्रजा) को ०.२३% मात्र हुन आउँछ । जसअनुसार सम्पूर्ण जनसङ्ख्या मध्ये चेपाङको सङ्ख्या ५२,२३७ रहेको छ । नेपालमा मुख्यतया चितवन, मकवानपुर, धादिङ र गोर्खा गरी ४ जिल्लाहरूमा चेपाङहरूको बसोबास बढी रहेको देखिन्छ । ती जिल्लाहरूको जनसङ्ख्या यस प्रकारमा छ । चितवनमा २१,२४६, मकवानपुरमा १५,३५३, धादिङमा १०,८७८ र गोर्खामा २,७४२ रहेको छ । बाँकी चेपाङहरूको जनसङ्ख्या अन्य जिल्लाहरूमा फैलिएको छ । (तथ्याङ्क विभाग, २०५८)

चेपाङ जातिको बसोबास रहँदै आएका जिल्लाहरूमध्ये जनसङ्ख्याको हिसाबले चितवनपछिको दोस्रो ठुलो जिल्लाको रूपमा परिचित यस मकवानपुर जिल्लाका विभिन्न गा.वि.स. हरूमा चेपाङ समुदायहरू बसोबास गर्दै आएको पाइन्छ । यस जिल्लाको उत्तर पश्चिम तर्फको कोल्टे परेको अग्ला भिरपाखाहरूमा लुकेर बसे झैँ चेपाङ जातिहरू आज भन्दा करिब ३०० वर्ष अगाडिदेखि बसोबास गर्दै आएको अनुमान गर्न सकिन्छ । विशेष गरी राक्सीराङ, काँकडा, खैराङ, डाँडाखर्क, हाँडीखोला र नामटार, भार्ता कालिकाटार, मनहरी, चुरियामाई, बसामाडी, भीमफेदी, सरिखेत जस्ता मकवानपुरका विभिन्न गा.वि.स. हरूमा यिनीहरूको बसोबास रहँदै आएको छ ।

नारायणी अञ्चलमा पर्ने ५ वटा जिल्लाहरूमध्ये चेपाङ जातिको बसोबास रहेको यस मकवानपुर जिल्ला क्षेत्रफलको हिसाबले नारायणी अञ्चलकै सबैभन्दा ठुलो जिल्ला हो । १ नगरपालिका र ४३ वटा गा.वि.स. रहेको यस जिल्लामा तामाङ जातिको बाहुल्यता रहेको छ । ब्राह्मण, क्षेत्री, ठकुरी, नेवार, मगर, गुरुङ, चेपाङ आदि जातिहरूको बसोबास रहेको यस जिल्लाको जिल्ला सदरमुकाम हेटौँडा हो । जिल्लाको ४३ वटा गा.वि.स. मध्ये हेटौँडा नगरीबाट पश्चिम दक्षिण १२ कि.मी. कालोपत्रे सडक छाडेर राप्ती नदी तरेर करिब ३ कि.मी. को पदैलयात्रा पछि एउटा सुन्दर हाँडीखोला गा.वि.स. चेपाङ समुदायको बसोबास रहँदै आएको गा.वि.स. हरूमध्ये एउटा हो । यस हाँडीखोला गा.वि.स. को वडा नं. ७ जुन वडा राप्ती नदी तरेर करिब २ घन्टाको पैदल दूरीमा अवस्थित छ, जहाँ चेपाङ जातिको अन्य वडामा भन्दा बढी जनसङ्ख्या छ ।

यस गा.वि.स. मा रहेका चेपाङ समुदायको सरसर्ती विश्लेषण गर्दा चेपाङहरू कठिन जीवनशैलीमा गुज्रिरहेका छन् । समाजका प्रचलित सामाजिक पर्व र प्रणाली (नोकर, हली, बँधुवा, आदि प्रथा) बाट अति पीडित अवस्थामा रहन बाध्य भएका यी चेपाङ समुदायको आम्दानीको स्रोत अति न्यून भएका कारण गरिबीले गाँजेको अवस्था छ । अनुत्पादक भूमिका मालिक, लैङ्गिक असमानता र पिछडिएको व्यवहार भएको चेपाङ समुदायहरू रूढीवादी र अन्धविश्वास, भूत, प्रेत र पिचासमा विश्वास राख्ने, आम्दानी भन्दा खर्च बढी गर्ने र नसालु पदार्थ जाँड, रक्सी र जात्रामात्रा, पर्वमा भुलिहिँड्ने, पारिवारिक र सामाजिक जिम्मेवारी बोध नभएका यी समुदाय राष्ट्रिय विकासका मूल धारमा समेटिन सकेका छैनन् । यिनीहरूलाई खाली नेताहरूका भोट बैङ्क बनाइएका छन् । निरीह र कमजोरका साथै सामाजिक, र

आर्थिक अवस्थाबाट पिछडिएका यी चेपाङ समुदायहरू नौलो ठाउँ र नौलो मानिएको सम्पर्कबाट टाढा रहन रूचाउँछन् । यी र यस्तै किसिमबाट यस हाँडीखोला गा.वि.स. मा चेपाङ समुदायहरूको सामाजिक आर्थिक र शैक्षिक अवस्था गुज्रिएको छ ।

## १.२ समस्याको कथन

नेपाल विकासोन्मुख देश हो । एन एल एस एस-आइ आइ सि. वि.सं. २००३/००४ अनुसार नेपालमा ३२% जनता प्रत्यक्ष गरिबीको रेखामुनि रहेको देखिएको छ । यही गरिबीको कारण विभिन्न जनजातिका आफ्ना पेसा, परम्परा मात्र सङ्कटमा परेको होइन आधारभूत आवश्यकताको सुविधामा पनि वञ्चित हुनु परेका अवस्था छ । जातिको आडमा समाजमा हुने विभेद, लैङ्गिक असमानता, छुवाछुत, कुसंस्कार जस्ता कुराहरूले समाजमा नराम्रो जरा गाडेको कारण समाजमा विकृति र असमानता प्रशस्त मात्रामा पाइन्छ । समाजको सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक अवस्थाले पनि गरिबीलाई बढाउन ठुलो मद्दत पुऱ्याएको छ । धेरै प्रकारको अध्ययनको निष्कर्षले नेपालको भौगोलिक, सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तन अनिवार्य छ भन्ने कुरालाई जोड दिएको छ ।

सन् २००१ (वि.सं. २०५८) को जनगणना तथ्याङ्क अनुसार अधिकांश जनता कृषि कार्यमा संलग्न भए तापनि कृषिको कुल योगदान राष्ट्रिय आयमा ४०% मात्र देखिन्छ । कृषि कार्यमा लागेका जनता मध्ये केहीले मात्र यसलाई आफ्नो आम्दानीको स्रोत बनाउन सकेका छन् भने ताजपुरिया, तोप्केगोला, थुदुम, बनकरिया, भुजेल, मुगाली, बराम, मार्फाली, बाहुगाउँले, राजी, लार्के, ल्होपा, सियार र बोलुङ्गले बनाउन सकेको छैन ।

(माथि उल्लेखित ६१ जनजातिहरूमध्ये नेवारहरूको विरोध पछि उनीहरूलाई पहिला यो सूचीबाट हटाइएको भए तापनि पछि पुनः जनजातिमा सूचीकृत गरिएको छ भने मनाङेहरू पनि गुरुङ नै भएकोले उनीहरूलाई पनि सूचीमा राखिएको छ) अब आदिबासीको सूचीमा ६१ जनजाति सूचीकृत छन् । ती ६१ मा पनि हेलम्बुबासीलाई ह्याल्मो, डोल्पालीलाई डोल्पो, तोप्केगोला बासीलाई तोप्केगोला, ओलाङ्चुङ गोलाबासीलाई बोलुङ, मुगाबासीलाई मुगाली, स्याङगाऊँ बासीलाई स्याङतानी, बाह्रगाउँका बासिन्दालाई बाह्रगाउँले, व्यास उपत्यकाका बासिन्दालाई व्यासी, थुदामबासालाई, थुदाम, दुराडाँडा बस्नेलाई दुरा, ठिनीका बासिन्दालाई ठिन्तन, चिम्तनबासीलाई चिम्तन, ताङ्वेका बासिन्दालाई ताङ्वे भन्दै केवल जनजातिको सङ्ख्या बढाउने नाममा स्थान विशेषका नामबाट कृतिम सूची तयार

गर्ने कार्य भएको छ । यो सूचीलाई डा. हर्क गुरुङले समेत असहमति प्रकट गर्दै खोलापिच्छे जनजाति हुन सक्दैन यस सूचीलाई सच्याई वैज्ञानिक बनाउनुपर्ने तर्क राखेका छन् । सरकारले घोषणा गरेको ६१ आदिबासी जनजातिहरूबाट प्रतिष्ठानले मनाङेलाई सूचीबाट हटाएको छ र याख्खालाई सूचीकृत गरेको छ । यिनीहरूको सामाजिक, आर्थिक, धार्मिक, जनसाङ्ख्यिक, सांस्कृतिक, शैक्षिक अवस्था कस्तो छ भन्ने जानकारीका लागि प्राप्त भएसम्मको प्रमाणका आधारमा ती सबैको बेग्लाबेग्लै विवरण दिइएको छ ।

सत्य र तथ्यको आधारमा उभिएर गहन अध्ययन तथा विश्लेषण गर्ने हो यस्तै लाग्छ के यी जनजाति मानव नै हुन् त ? यदि हुन् भने मानवले पाउने सेवा सुविधाबाट यिनीहरू किन वञ्चित छन् : यस्तै यस्तै प्रश्नहरूको बिचमा रूमल्लिरहेको विभिन्न जाति मध्ये चेपाङ जाजाति पनि एक हो । यो जातिको मुख्य आवास थलो धादिङको दक्षिण पश्चिमको चितवनको उत्तर पूर्वी खण्ड र मकवानपुरको उत्तर पश्चिममा पर्ने समुद्र सतहबाट २५०० देखि ४२०० फिटसम्मको उचाइमा रहेको समशीतोष्ण हावापानी भएको महाभारत पर्वत शृङ्खलाको उत्तरी र दक्षिणी ढालका अलि कोल्टे परेका भिर पाखामा लुकेर बसे झैँ यिनीहरूको बसोबास रहेको छ । यस बाहेक गोर्खा, तनहुँ, नवलपरासी बारा, पर्सा, बाँके, बर्दिया, पुनर्बास क्षेत्रतिर पनि यिनीहरूको बस्ती बढ्दै गएको छ । अन्य जातिको तुलनामा चेपाङ जाति पानी चल्ने जाति हो । यो जनजातिलाई समग्ररूपमा हेर्दा, नाङ्गो शरीर, भोको पेट उदाङ्गे र फुसको कटेरोको घर, थोत्रिएको नगन्य भाँडाकुँडा भोर्लाको पातको अन्न भकारी, भौगोलिक विकटतामा आवास, अनुत्पादक र अप्रर्याप्त जग्गा गैर कृषिमा आश्रित, रोजगारीको कमी, सिपको कमी, अन्य जाति विशेषको दमन, ऋणग्रस्त, शिक्षाको कमी, सोझो र धेरै कृषिलाई पम्परागत प्रणालीका भरमा चलाईरहेका छन् । कृषिलाई परम्परागत रूपमा आफ्नो जीवनको आय आर्जनको आधार बनाउँदै आएका विभिन्न जातिमध्ये चेपाङ पनि एक हो । अशिक्षा, स्रोतको पहुँचमा कमी, प्राविधिक ज्ञानको अभाव, भौगोलिक विकटतामा आवास, अनुत्पादक र अप्रयाप्त जग्गा, सिपको कमी अन्य जातिको विशेषको दमन, ऋण ग्रस्त साथै आफ्नो कुरा राख्ने आँट समेत गर्न नसक्ने सोझा र सजिलै दब्ने खालका, नौलो काम र नौलो ठाउँ नरूचाउने जस्ता थुप्रै कारणबाट चेपाङ जातिको जीवनस्तर माथि उठ्न सकेको छैन । चेपाङ जातिको मानिसहरू धेरै जसो अदक्ष कामदारको रूपमा काम गरिरहेका छन् । त्यसैले यस जातिको आम्दानी पनि निकै न्यून छ । चेपाङ जातिको परिवार सङ्ख्या आम्दानीको तुलनामा निकै ठुलो हुने भएकोले आम्दानीको धेरै

हिस्सा परिवारकै कारण खर्च हुने गर्दछ । यसको अतिरिक्त विभिन्न घरायसी पाठपूजा र धामी, झाँक्रीको लागि पनि प्रशस्त मात्रामा खर्च हुने भएकोले गरिबी झनझन बढ्दै गएको पाइन्छ ।

सरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले चेपाङ समुदायको उन्नतिको लागि कुनै कार्य गरेनन् ? यदि गरेको भए हाँडीखोला गा.वि.स. मा बस्ने चेपाङ समुदायको जीवनस्तर विकास कार्यक्रममा समावेश गर्न सकिएन ? यी यावत् प्रश्नहरूको उत्तर खोज्न जरूरी भइसकेको छ चेपाङ समुदायको हकहितको सबाल सरकारी तथा गैरसरकारी क्षेत्रबाट धेरै सबालहरु उठेका छन् । तिनीहरूका लागि निर्मित कार्यक्रमको प्रभावकारीता के कति छ ? र चेपाङहरु विभिन्न कार्यक्रमहरुको साथै मुख्यत : शैक्षिक क्षेत्रको पहुँचको अवस्था कस्तो रहेको छ ? त्यसको खोजी अध्ययनमा केन्द्रित रहेको छ यो सोधपत्र । चेपाङ जातिको सामाजिक, आर्थिक, शैक्षिक अवस्था लगायतका विषयहरुको कारणहरुको खोजी गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

- शिक्षा विकासमा चेपाङहरुको सामुदायिक पहुँचको अवस्था पत्ता लगाउने ।
- शैक्षिक विकासमा प्रभाव पार्ने तङ्खवहरुको पहिचान गर्ने ।

## १.४ अध्ययनको औचित्य

चेपाङ जाति नेपालको अति पिछडिएको जनजाति मध्ये हो । मकवानपुर जिल्लाको विभिन्न ग्रामीण भेगमा छरिएर रहेको यस जातिको आर्थिक अवस्था निकै कमजोर छ । यो जातिका मानिसहरू दुर्गम ग्रामीण भेगमा वनजङ्गल नजिकै पाखो ऐलानी जग्गा कमाइ गरी बस्दछन् । धरातलीय विकटता भएको पाखो जग्गामा बसोबास गरेकै कारण शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, यातायात आदिको सुविधाहरूबाट यिनीहरू पुरै वञ्चित हुनु परेको छ । यो जातीमा व्याप्त अनेकौ कुरीति र अन्धविश्वासको कारण कयौंको अकालमा मृत्यु हुन पुगेको छ । अत्यन्तै कष्टकर जीवन व्यतीत गरिरहेको यस जातिलाई छिटोभन्दा छिटो देश विकासको मूल प्रवाहमा ल्याई समग्र रूपमा देशकै विकासलाई अगाडि बढाउन निकै ढिला भैसकेकोले यस अध्ययनले चेपाङ समुदायलाई विशेष महङ्खव दिएको छ । यस अध्ययनले चेपाङ जातिको बारेमा जानकारी हासिल गरी नयाँ नीति निर्माण गर्न समेत सम्बन्धित पक्षलाई सघाउने छ, भने चेपाङ जातिको बारेमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताको

लागि मार्ग दर्शन र अन्य जो सुकैको लागि पनि आवश्यक खुराक दिने छ भन्ने कुरामा दुई मत नहोला । यस अध्ययनको वर्तमान अवस्थामा चेपाङ जातिको शैक्षिक अवस्थालाई कस्ता तङ्खवहरूले प्भाव पारेको छ ? भन्ने मात्रै नै यस समुदायका धेरै मानिस किन आर्थिक रूपमा पिडछिएका छन् ? यिनीहरू अझै किन अविकसित र जङ्गली अवस्था मै छन् ? किन चेतनाको स्तर माथि उठ्न सकेको छैन ? के कुराहरूले पछाडि परेको छ ? भन्ने जस्ता प्रश्नहरूलाई ध्यान दिइने भएकोले यसको महङ्खव अझ बढी हुनेछ ।

## १.५ अध्ययनको सङ्गठन

यस अध्ययनमा अध्याय एकको परिचय खण्डमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य लगायत अध्ययनको विषयसँग सम्बन्धित विभिन्न समाजशास्त्री, मानवशास्त्री र विद्वान्हरुको लेख रचना, प्रतिवेदन, बुलेटिन, पुस्तक, आदिलाई समीक्षा गरिएको छ । दोस्रो अध्यायको अध्ययनमा पूर्व साहित्यिक समीक्षा, पूर्व अध्ययनको पुनरावलोकन, चलन चल्तीका परिभाषा र छनोट भएका अवधारणाको मापन, तेस्रो अध्ययनमा अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनोट र त्यसको औचित्य, तथ्याङ्कको प्रकृति र स्रोत, अध्ययनको समग्रता र नमुना छनोट, तथ्याङ्क सङ्कलन विधिहरु, अन्तर्वार्ता अनुसूची, जानकार अन्तर्वार्ता, अवलोकन, तथ्याङ्कको विश्वसनीयता र वैद्यता, तथ्याङ्कको विश्लेषण प्रक्रिया, अध्ययनको सीमितता उल्लेख गरिएको छ । अध्याय चार अध्ययन क्षेत्रको परिचय अर्न्तगत मकवानपुर जिल्ला र अध्ययन क्षेत्रको सङ्क्षिप्त परिचय साथै पाँचौं अध्यायमा तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण र छैठौं अध्यायमा सारांश, निष्कर्ष सुझावलाई प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

# साहित्यिक सिहावलोकन

## २.१ पूर्व साहित्यिक समीक्षा

चेपाङ (प्रजा) जातिको अध्ययन गरेर विभिन्न लेख, रचना र समाचार बुलेटिनहरू स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा पनि प्रकाशित भएका पाइन्छन । विशेष गरी तिनीहरूको ऐतिहासिक परिचयको साथै उत्पत्ति सम्बन्धमा केही सर्भे र अनुसन्धान पनि भएका छन् तर चेपाङ जातिको वर्णन गर्ने क्रममा ती सबै पूर्ण भने छैन् । तिनीहरूको जीवनपद्धति, संस्कृति, सामाजिक, रहनसहन, धार्मिक, विश्वास, एवं चाडपर्वहरू मनाउने तरिका उत्पत्ति लगायत विगतदेखि वर्तमानका विभिन्न पक्षहरूको बारेमा अध्ययन भए पनि कतिपय कुराहरू विरोधाभाषपूर्ण छन् । मकवानपुर जिल्लाका विभिन्न ग्रामीण भेगको वनजङ्गलकै नजिकै भिरपाखामा जीविको पार्जन गर्दै आएका यस चेपाङ जातिको बारेमा अध्ययन गर्ने क्रममा अध्ययनको उद्देश्यलाई पुरा गर्नको लागि समाजशास्त्र, प्राचार्य, मानवशास्त्री, अन्वेषक, चेपाङ जातिको बारेमा लेखिएका थेसिस पुस्तक लगायत प्रकाशित समाचार बुलेटिनलाई आधार बनाएर सत्य तथ्यलाई उजागर गर्नेछु ।

वरिष्ठ मानवशास्त्री डोरबहादुर बिष्टद्वारा लिखित “सबै जातको फुलबारी” नाम पुस्तकमा चेपाङहरू पूर्वको दोलखा जिल्लाको सुनथली भन्ने ठाउँबाट क्रमशः अधिराज्यका विभिन्न स्थानहरूमा बसाई सरेर आएका भन्ने भनाइ छ, चितवनको राप्ती उपत्यकाको विकास कार्य चालु भएपछि बाटो खन्ने काममा ज्यालादारीको सिलसिलामा पनि उनीहरू आउन थाले । काठमाडौँदेखि पोखरा जोड्ने पृथ्वीराजमार्ग बन्न थालेपछि त झन् आफ्नै इलाकातिर काम पाइन थाल्यो । पृथ्वीराजमार्गबाट चितवनको नारायणघाट जोड्ने सडक बनेपछि उनीहरूको सम्पर्क बाहिरी वातावरणसँग बढ्दै गयो । यसरी पहिला जङ्गली कन्दमुल र थोरै मात्रामा मकै, कोदोको खेतीगरी जीविकोपार्जन गर्ने यस चेपाङ जाति बाहिरी सम्पर्कको कारण केही टाढा्बाठा पनि हुन थाले । दोलखा जिल्लाको सुनथलीबाट यताआएपछि चेपाङहरूका चारजना राजा भएका थिए । उनीहरूको नाम पोनिराजा, गिलाराजा, रिनीराजा र राजीराजा थियो । उनीहरूको सामुहिक दरबार गर्ने ठाउँ पुकुथली थियो र चार राजामध्येका सबै भन्दा ठुलो राजीराजाको नेतृत्व हुन्थ्यो । तर एकदिन

पाटनका मल्ल राजाको फौजले यी चारै चेपाङ राजालाई हराएर यो क्षेत्र आफ्नो अधीनमा लिए । त्यस बेलादेखि चेपाङको आफ्नो राजा रहने व्यवस्था हट्यो ।

चेपाङ जातिको उत्पत्तिबारे एउटा अति रोचक तथा खोजी गर्नु पर्ने विषय भएको कथा छ । सीताजी वनवास जाँदा बाल्मीकि आश्रम त्यहीँ थियो । उनको लोहोरी नाम गरेको छोरो थियो । त्यसलाई कोक्रामा राखेर सीताजी खोलामा लुगा धुन जाने क्रममा बाँदरहरू आएर बच्चासँग खेल्न थालेको देखी सीताजीलाई डाहा भयो र छोरो लोहोरीलाई कुटीको कोक्राबाट झिकेर छोरासित खेल्न थालिन् । त्यस बेला उता ऋषि बालमीकि कुटिबाट बाहिर निस्केर हेर्दा कोक्रामा बालकलाई नदेखि छपटाई वन्यजन्तुको भय भयो होला भन्ने सोची सीताजीलाई छोरो हराएकोमा शोक नपरोस् भनेर कुशको एक मुठाबाट आफ्नो तपोवलले त्यसलाई (कुशलाई) बालक बनाई कोक्रामा जस्ताको तस्तै पारेर सुताइदिए । जब सीताजीसँगै छोरो भएको कुरा थाहा भयो तब सबै कुरा खुल्यो । तर एकपटक बनाइसकेको बालकलाई फाल्नु हुँदैन भन्ने ऋषिको आज्ञा मुताविक सीताजीले दुबै बालकलाई स्याहार्न थालिन् । कुशबाट बनेको हुनाले उसको नाम कुशरी राखियो । लोहरी र कुशरी ठुला भएपछि एक अर्काका शत्रुमा परिणत भएर ज्यान समेत लिन तम्से । यिनका दुबैतिरका सन्तान फैलिँदै गयो । लोहरीका सन्तान जति सबै चेपाङ भए । कुशरीका सन्तान जति सबै कुसुन्डा भए । आज पनि कुसुन्डा र चेपाङ बिच मिलेमतो हुँदैन भन्ने भनाइ छ । यस सम्बन्धमा समाजशास्त्री तथा मानवशास्त्री बिच एकमत भने छैन । यो एउटा अनुसन्धानको विषय पनि रहेको छ । (पाण्डे- २०६३)

माथिको वयानबाहेक चेपाङ र कुसुन्डाहरूले आफूलाई ठकुरीका दाजुभाइ हो भन्ने पनि दावी गरी आएका छन् । चेपाङहरू अरू जातिको तुलनामा धेरै नै सोझा र कसैमाथि पनि जाइ नलाग्ने स्वभावका हुन्छन् । यसैले आफ्नो भरमा उठ्न उनीहरूलाई निकै गाह्रो परिरहेको छ । चेपाङहरू आफूलाई पुकुन्थली र कछारे भनी दुई वर्गमा छुट्याउँछन् । पुकुन्थली भन्नेहरू खेतीपाती र पशुपालनमा लागि सकेका र अरू जातजातिमा सम्पर्कमा बसउठ र लेनदेन गर्न थालिसकेका हुनाले आफूलाई सभ्य र शिष्ट मान्दछन् । कछारेहरू पुकुन्थलीहरू भन्दा पश्चिम भागमा अलि भिरालो जङ्गलको छेउछाउमा सानातिना छाप्रा हालेर बस्ने गर्छन् । उनीहरू खेतीमा मात्र पुरै भर नपरी जङ्गलको उत्पादन खोज्ने रहर गर्छन् । उनीहरू बाहिरका मानिससँगको सम्पर्कमा आउन डराउँछन् पुकुन्थलीहरू आफूलाई

प्रजा भन्न मन पराउँछन् । उनीहरूको जारङ्गे, भारा, रूम, प्रोसो, बरे, साउने, जङ्रागे, ज्यामरागे, रिङ्वागो, पादबारे, वाङ्राँगे, रूपाकोट, नाइके आदि थर हुन्छन् । चेपाङ शब्दको उत्पत्तिबाट विभिन्न मत पाइन्छ । वाङ्को अर्थ ढुङ्गा हुने भएकोले अप्ठेरो भिर पाखा, पहरा र ढुङ्गाको चेपमा बस्ने भएकोले चेप+वाङ् भन्ने अनुमान गर्न सकिन्छ । अर्को भिनो मत अनुसार च्यवन ऋषीका सन्तान हुनाले च्यवाङ र चेपाङ वाङबाट चेपाङ भएको समेत अड्कल गर्न सकिन्छ । तर त्यति भरपर्दो देखिँदैन । (जि.वि.स. मकवानपुर- २०६४)

## २.२ पूर्व अध्ययनको पुनरावलोकन

प्रजा (चेपाङ) समुदायको आगमन र उत्पत्ति कसरी भयो भन्ने बारे विभिन्न मतहरू पाइन्छ । तिनीहरू तल प्रस्तुत गरिएको छ । समाजशास्त्री डा. हर्क गुरुङ (१९८९) का अनुसार चेपाङ र च्योवाङ दुबै एउटै हुन् । यहाँ च्यो को अर्थ चट्टान र वाङको अर्थ पहाडको अग्लो ठाउँ भन्ने हुन्छ । चेपाङहरू देवदूत र कुकुरसँगको समागमबाट जन्मिएका हुन भन्ने कुरामा विश्वास राख्दछन् । चेपाङका पुर्खाहरूले वर्षैदेखि गुफामा जीवन विताएका थिए । डा. गुरुङ अगाडि लेख्छन्- चेपाङहरू धनुषवाण र सिकारी कुकुरको सहायताले सिकार गर्थे । ती बुँदाको आधारमा चे को अर्थ कुकुर पाङ्को अर्थ वाण वा तीर भन्ने हुन्छ । यसरी सिकारी कुकुर र वाण बोकेर हिँड्ने जाति चेपाङ भनेर चिनिए । अधिकारी (१९७६) ले चेवाङको बारेमा आफ्नो छुट्टै मत प्रदान गरेका छन् । उनका अनुसार एउटी अविवाहित कुमारी केटीले आफ्नो बच्चालाई जन्म दिएर आफू निर्दोष सावित हुन बच्चालाई ढुङ्गाले चेपेर छोडिन । भाग्यवश उक्त बच्चा बाँच्यो र पछि गएर चेपाङको पुर्खाको रूपमा चिनियो । अर्का एक सामाजिक अनुसन्धानकर्ता धनबहादुर मोक्तानका अनुसार बनकर शब्दको अर्थ बाँदर हुन्छ, जुन प्राणी स्वतन्त्रतापूर्वक बाँच्न चाहन्छ तर उद्यम गर्न चाहँदैन । त्यस्तै बाँदर र अल्छी चेपाङहरूको बिचमा खासै भिन्नता छैन । उनी अगाडि लेख्छन् बनकरिया र चेपाङ जातिको पुर्खा एउटै भएको हुनाले अनादर शब्द प्रयोग गरी चेपाङ जातिलाई वनकर भनिएको हो भने चेपाङहरू नै बनकरिया बनेका हुन् ।

मानवशास्त्री डोरबहादुर विष्ट (१९९६) ले आफ्नो सबै जातको फुलबारीमा चेपाङ जाति सम्बन्धी अध्ययन गरेका छन् । उहाँले भनाइ अनुसार चेपाङहरू आफूलाई पुकुन्थली र कछारे भनी दुई वर्गमा छुट्ट्याउन सजिलो मान्दछन् । पुकुन्थली भन्नेहरू परिवर्तनको सिलसिलामा जङ्गली जनजीवनबाट विकसित भएर अहिले खेतीपाती र पशुपालनमा लागि

सकेका र अरू जनजातिका मानिसहरूसँग बसउठ र लेनदेन थालिसकेका हुनाले आफूलाई सभ्य र शिष्ट मान्दछन् । कछारेहरू भिरालो जङ्गलको छेउछाउमा छाप्रा हालेर बस्दछन् भने अधिकांश उब्जनी जाँड, रक्सीमा खर्च गर्दछन्, जसले गर्दा अन्नले मात्र खान पुग्दैन । जुनसुकै प्रकारको बिहे भएको होस् केटा र केटीले बाइस रूपैया दाम, एक ठेकी रक्सी लिएर केटीका बाबुआमाका दस्तुर बुझाई ढोगभेट नगरून्जेल बिहेको अन्तिम विधि पूरा हुँदैन । अनि प्रत्येक वर्ष भदौको तेस्रो मङ्गलबार न्वागी भन्ने पूजा गरेर नयाँ अन्न पितृलाई चढाएर मात्र खान्छन् । चेपाङहरू आफ्नो परम्परागत चाडपर्व मनाउने बाहेक अहिले अन्य जातिहरूसँगै राष्ट्रिय चाड दसैं, तिहार आदि सबै मनाउन थालेका छन् । समाजशास्त्री एन. के. राई (१९५८) का अनुसार चेपाङ भाषामा चे को अर्थ कुकुर पाङ को अर्थ वाण भन्ने हुन्छ । शरीरमा धनुषकाँड र ठोक्रो भिर्ने र साथमा कुकुर लिएर जङ्गलमै दिनचर्या गर्ने र जङ्गलमै गुफा, कन्दरा आदिमा बस्ने गरी लामो समयसम्म जीवन बिताएको मानवलाई चेपाङ (चे+पाङ) शब्दबाट सम्बोधन गरिएको हो भन्ने उनको भनाइ रहेको छ । चेपाङ जाति आफूलाई च्यवन ऋषिका सन्तान पनि सम्झन्छन् । यिनै च्यवन ऋषिका नामबाट यिनीहरूले उच्चारण गर्दा चेवाङ भएको र पछि यसैबाट चेपाङ हुन गएको हो भन्ने भनाइ पनि पाइन्छ । अन्जु नकर्मी (१९९५) ले स्नातकोत्तर तहको शोधग्रन्थ तयार गर्न क्रममा चेपाङहरूको सामाजिक-आर्थिक अवस्था बारे अध्ययन गरेकी छिन् । यस शोध ग्रन्थमा चेपाङहरू २५०० फिट देखि ४००० फिटसम्मको अग्लो भिरालो पाखा भएको महाभारत शृङ्खलामा बसेको पाइन्छ । यिनीहरूको बस्ती नगण्य रूपमा पातलो बस्ती र एउटा घरमा ५-६ जनासम्मको परिवार हुन्छ । यिनीहरू वर्षको ७-८ महिनामा कन्दमुल र जमिनमुनि फलेका चिजहरू खाएर जीवन निर्वाह गर्छन् । यिनीहरूमा अरू जातिको सम्पर्कबाट केही परिवर्तन आएर अरू समयमा चामलको भात खान नपाए पनि पूजा आजा र चाडपर्वमा चामलबाट निर्मित खाना खान्छन् । यिनीहरूको आर्थिक स्रोत भनेको पशुपालन, घरेलु, उद्योगबाट उत्पादित समान (फलफूल, घुम, जाभी, डालो, नाङ्लो, नाम्लो, दाम्लो, डोको आदि) मौरीपालन आदि हुन् । जुन चेपाङहरू खेतीपातीमा आकर्षित भएपछिको परिवर्तनको एक खुड्किलो हो । चेपाङ जनजातिको उत्पत्ति सम्बन्धमा खोजी गर्दा हजारौं वर्ष पहिले दोलखा जिल्लाको सुनाथलीबाट आई बस्न थालेको भन्ने भनाइ पाइन्छ । तर यिनीहरू आफूलाई रामायणकालीन रामका छोरा लव (लोहरी) का सन्तान सम्झन्छन् । रामचन्द्रका दुई छोरा

लव अर्थात् लोहरी र कुश अर्थात् कुशहरि मध्ये लोहरीका सन्तान हामी चेपाङ हौं र कुसहरीका सन्तान कुसुन्डा हुन भनी यिनीहरू गर्वसाथ भन्दछन् । यी दुई समुदाय दुई भाइका सन्तान भए पनि एक अर्कालाई परम शत्रु सम्भन्छन् । कुसुन्डा गोर्खा र तनहुँ जिल्लाको दक्षिण भागमा बस्दछन् र यिनीहरुको सङ्ख्या ज्यादै कम छ ।

वि.सं. १८७१-७३ (सन् १८१४-१६) को अङ्ग्रेज नेपाल युद्धपछि नेपाल आएका ब्रिटिस रेजिडेन्ट बि. एच. हम्स्न चेपाङ जातिका गतिविधिबारे यसरी लेख्दछन् "तिनीहरू ( चेपाङ र कुसुन्डा) बोल्न र बुन्न जान्दैनन् । तिनीहरू कर तिर्दैनन् र सम्प्रभुत्ता स्वीकार गर्दैनन् जङ्गली कन्दमुल र जो मिलेको सिकारबाट निर्वाह गर्दछन् । राजालाई अवाद क्षेत्रको मालिक ठान्दछन् । तिनीहरूसँग धनुष र काँड छन् तर कुनै आधुनिक हातहतियार छैनन् । तिनीहरू सिकारको सुविधा अनुसार यत्रतत्र घुम्ने गर्दछन् । प्राकृतिक अवस्थाका मानिसहरू भनेर तिनीहरूलाई सम्भे हुन्छ ।"

"मेचीदेखि महाकाली" भन्ने पुस्तकमा चेपाङहरूका संस्कृतिबारे केही भलको दिएको पाइन्छ । यिनीहरू परिवर्तनको सिलसिलामा जङ्गली र घुमन्ते जीवन निर्वाहपछि खेतको लागि ससाना जङ्गलमा आगो लगाउने गर्दछन् र पछि त्यहाँ खेती गर्न थाल्दै जीवन निर्वाह गर्दै आएका छन् ।

नेपालको सम्बन्धमा खस (हिन्दु वर्ण व्यवस्था) अन्तर्गत बाहेकका अन्य सबै जातिलाई जनजाति भन्नु पर्दछ । (मगर २०५४) यस्तै जनजातिको विश्लेषण गर्ने क्रममा यस विशेषताहरूलाई आधार बनाई समानता, श्रम विभाजन, खनिज, कृषि, राज्यको नियन्त्रणभन्दा बाहिरको स्थिति र आफ्नै धार्मिक विशेषता भएकालाई जनजाति भनिन्छ ।

यसै कारण मकवानपुर जिल्ला हाँडीखोला गा.वि.स. का चेपाङ जातिका सामाजिक आर्थिक, शैक्षिक अवस्था र यसमा आएका परिवर्तनहरूको बारेमा अध्ययन गरी एक सङ्क्षिप्त परिचय दिन खोजिएको हो । समाजमा पिछडिएको चेपाङ समुदायको बारेमा केही मात्रामा भए तापनि यथार्थ पत्ता लगाउने प्रयास गरिनेछ । सङ्क्षेपमा भन्नुपर्दा समुदायमा एकदमै पछाडि पारिएको जाति मध्ये चेपाङ एउटा जाति भनिए तापनि हाल यस जातिमा एउटा छुट्टै परिवर्तन आइसकेको छ । हिजोसम्म अन्य जातिसँग डराउने, सामान्य ड्रेस लगाउने, आफ्नो जातिमा मात्र विवाह गर्ने, कन्दमुल र ढिडो मात्र खाने चेपाङ जाति अहिले आएर सबै जातिसँग घुलमिल गर्ने, व्यापार गर्ने, किसानी गर्ने, समयनुसारको पोसाक

लगाउने, सहरको कामको खोजीमा जाँदा अन्य जातिसँग पनि विवाह गर्ने, ऋण धन गरेर भए पनि भात खाने भएका छन् ।

हाँडीखोला गा.वि.स. का चेपाङ जातिको अवस्था पनि त्यस्तै रहेको छ । विभिन्न गैर सरकारी संस्थाको सहयोगले गर्दा आफ्नो बारीमा तरकारी खेती गर्ने, बिक्री गर्ने केही मात्रामा भए पनि छोरा छोरी विद्यालय पठाउने, शिक्षाको महङ्खव बुझ्दै गएको आभास हुने, विभिन्न सङ्घ संस्थामा आबद्ध हुन थालेका छन् ।

## २.३ चलनचल्तीका परिभाषा र छनोट भएका अवधारणाको मापन

२०५८ को ऐन नियम २ को उपनियम १ ले जनजातिको परिभाषा दिने काम गरेको र त्यस ऐन अनुसार राष्ट्रिय जनजाति हुनलाई निम्न विशेषता हुनु पर्दछ ।

- आफ्नै भाषा, रीतिरिवाज, परम्परा, संस्कृति र सभ्यता हुनु पर्ने ।
- आफ्नै छुट्टै पहिचान हुनु पर्ने ।
- लिखित वा मौखिक इतिहास भएको ।
- “हामी सबै एक हौं” भन्ने भावना भएको ।
- नेपालको जनजाति हुनुपर्ने
- आधुनिक नेपालको सरकार र राजनीतिमा कुनै निर्णायक भूमिका नभएको ।
- राष्ट्रिताको भावना भएको ।
- परम्परागत वास्थान भएको ।

यी माथिका बुँदालाई आधारमान्दा चेपाङ जाति नेपालको एउटा पुरानो जनजाति हो भन्न सकिन्छ किनभने यिनीहरूको भाषा, संस्कृति, परम्परा, र रीतिरिवाज लगायत आफ्नै भाषा सामाजिक व्यवहार पेसा र सभ्यता छ । यो जातिको विगत र वर्तमान अध्ययन नेपाली समाज र संस्कृतिको रूपमा गर्नु जरूरी भैसकेको छ । चेपाङ जाति आफ्नै छुट्टै पहिचान बनाउन पनि चाहन्छन् । त्यसकारण अनुसन्धानकर्ताले चेपाङ जातिलाई जनजातिको रूपमा महङ्खव दिई परिचित गराउन सक्नुपर्दछ । हालसम्म यस जातिको आधुनिक नेपालको सरकार र राजतितिमा समेत निर्णायक भूमिका रहन सकेको छैन ।

# अध्याय : तिन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढा“चा

कुनै पनि अनुसन्धानलाई सार्थक तुल्याउन वैज्ञानिक र व्यवस्थित पद्धतिलाई प्रयोगमा ल्याउनु पर्दछ । अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन तालिकीकरण विश्लेषण र प्रतिवेदन तयार पार्ने जस्ता विभिन्न कार्यहरू गर्नु पर्ने भएकोले यो कार्य शोधकर्ताको लागि जटिल र चुनौतिपूर्ण हो भन्न सकिन्छ । तथ्याङ्क सङ्कलन केवल एकल प्रयासबाट सम्भव छैन, त्यसैले प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीहरूको सङ्कलन गर्दा प्राथमिक र द्वितीय दुबै स्रोतहरू प्रयोगमा ल्याइएको छ । यो अध्ययन विवरणात्मक, व्याख्यात्मक र अनुसन्धानात्मक ढाँचामा आधारित रहेकोछ । जसमा विवरणात्मक, अनुसन्धानात्मक ढाँचाले उत्तरदाताहरुको जनसाङ्ख्यीय मात्रात्मक तथ्याङ्कहरुको प्रस्तुतिमा सहयोगी रह्यो भने व्याख्यात्मक अनुसन्धानात्मक ढाँचाले काम र प्रभावको व्याख्या विश्लेषणको प्रस्तुतीकरणमा सहयोग गऱ्यो ।

## ३.२ अध्ययन क्षेत्रको छनोट र त्यसको औचित्य

यस शोधपत्रको अध्ययन गर्ने क्रममा मध्यामाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने मकवानपुर जिल्लाको हाँडीखोला गा.वि.स. चेपाङ जातिका शैक्षिक क्षेत्रमा (पक्षमा) के कस्ता सकारात्मक र नकारात्मक प्रभाव परेको छ, सो पक्षलाई मूल्याङ्कन आधार बनाइने छ । यस बाहेक यही क्षेत्र अध्ययनको निमित्त छनोट गर्नुको लागि निम्न औचित्य पुष्टि गरिनेछ :

क) स्थानीय क्षेत्र भएको हुनाले तथ्याङ्क सङ्कलन गर्न सजिलो हुन्छ ।

(ख) चेपाङ समुदायसँग नियमित सेवा आदान प्रदान भइरहने ।

(ग) मकवानपुर जिल्लाको ठुलो र विपन्न चेपाङ समुदायहरुको बसोबास यसै क्षेत्रमा रहेको हुनाले ।

(घ) चेपाङ समुदायको वस्ति, टोल, आफ्नै घर नजिक छरछिमेकमा रहेकोले ।

(ङ) हाँडीखोला गा.वि.स.मा विपन्न, गरिब, अशिक्षित चेपाङ समुदायको बसोबास रहेको हुनाले ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

अनुसन्धानलाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू सङ्कलन गर्ने क्रममा एकै प्रकारका तथ्याङ्कबाट मात्र अनुसन्धान कार्य निष्कर्षमा पुऱ्याउन नसकिने हुँदा विशेष गरी दुई किसिमका स्रोतबाट तथ्याङ्कक सङ्कलन गरिएको छ ।

**क) प्राथमिक तथ्याङ्क**

प्राथमिक स्रोत सङ्कलन गर्दा निम्न तरिकाले गरिएको छ ।

- सहभागितामूलक ग्रामीण तथ्याङ्क तरिकाको रूपमा सहभागी अवलोकन र घरधुरी सर्वेक्षण गरेर ।
- विभिन्न सूचना, जानकारी र महत्त्वपूर्ण तथ्य प्राप्त गर्नका लागि वर्तमान र विगतका ऐतिहासिक जानकारीलाई मध्यनजर गरी सम्बन्धित परिवार वा समुदायका पुराना व्यक्तिहरूसँग अन्तवार्ता र छलफल गरेर ।
- विवाह, नाता, प्रजनन स्वास्थ्य, जन्म, मृत्यु, शिक्षा, लगायत सामाजिक मूल्य र मान्यतालाई साङ्ख्यकीय रूपले प्रस्तुत गरेर

**ख) द्वितीय तथ्याङ्क**

द्वितीय तथ्याङ्क लिँदा निम्न स्रोत प्रयोग गरियो ।

- गा.वि.स. का डकुमेन्टसहरू (जन्म, मृत्यु, विवाह, बसाइँसराइ सम्बन्धी)
- जि.वि.स. को सूचना र तथ्याङ्क
- महत्त्वपूर्ण दस्तावेज र सूचना (पि.एच.डी. शोधपत्र गर्दा सङ्कलन गरिएको) ।
- पत्रपत्रिका, लेख, रचना, निबन्ध, जनगणनाको तथ्याङ्क, सम्बन्धित विषयको किताब आदि ।

## ३.४ अध्ययनको समग्रता र नमुना छनोट

यो अध्ययनको २८९ घरधुरी नै समग्रता हो । जसमा क्लस्टर विधिको आधारमा वडा नं. ७ मा सबै १०३ घरधुरीलाई नमुना छनोट गरिएको छ । र यो नै अध्ययनको नमुना रहेको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधिहरू

अनुसन्धान कार्यको योजना तयार भइसकेपछि अनुसन्धानको उद्देश्य समस्या विषयवस्तु अध्ययन क्षेत्रको परिस्थिति, अनुसन्धानकर्ता, क्षमता उपलब्ध स्रोत साधनलाई ध्यानमा राखेर अन्तर्वार्ता, अवलोकन र मुख्य जानकार व्यक्तिहरूसँगैको अन्तर्वार्ताबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता अनुसूची

मात्रात्मक र गुणात्मक तथ्याङ्क सङ्कलनको लागि निर्मित र अनिर्मित दुबै प्रश्नहरूको प्रयोग गरिएको छ । आधारभूत गुणात्मक सूचना उमेर, लिङ्ग, शैक्षिक उपलब्धि, जमिन, पेसा र अरू पारिवारिक स्थितिको बारेमा सूचना पारिवारिक सर्वेक्षणबाट गरिएको

छ । समयको आवश्यकता हेरेर परिवारका उत्तरदायी सदस्यलाई समावेश गरिएको छ । साथै वैयक्तिक विचार र प्रतिक्रियाको बारेमा एकल अन्तर्वार्ता लिइएको छ ।

### ३.५.२ जानकार अन्तर्वार्ता

जसलाई चेपाङ समुदायको बारेमा विस्तृत जानकारी नजिकैबाट छ, तिनीहरूबाट अन्तर्वार्ता लिइएको छ । प्रजा समुदायकै वृद्ध मानिस जानकार, शिक्षक, निजामति, सेना वा प्रहरी, स्थानान्तरणकारी जो चेपाङको परम्परा, रीतिरिवाज, चालचलन, संस्कार, मूल्यमान्यताका अलावा शैक्षिक अवस्थाको वर्णन गर्न सक्दछन्, तिनीहरूबाट लिइएको छ । चेपाङ समुदायको व्यक्तिलाई प्राथमिक प्रश्नावली दिइनेछ, जुन चाँही अन्तरवार्तामा सोधिने छ । यसबाट गुणात्मक सूचना सङ्कलन गर्न टेवा मिलेको छ ।

### ३.५.३ अवलोकन

अवलोकन, तथ्याङ्क सङ्कलनको मुख्य यन्त्र हो । अध्ययनको अवधिमा सहभागी अवलोकन विधि असहभागी अवलोकन विधि अपनाइएको छ । यसका लागि चेपाङ समुदायको जीवन जोड्ने तरिका पारिवारिक अवस्थाको निरिक्षण विभिन्न समूहको मिटिङ

सामुहिक छलफल र सांस्कृतिक तथा शैक्षिक कार्यक्रम निरिक्षण गरिएको छ । अवलोकनको परिधिमा रहेर वडा नं. ७ का चेपाङ जातिको शैक्षिक अवस्थाको विभिन्न सूचनाहरूको सूची निर्माण गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्वसनीयता र वैधता

तथ्याङ्कमा हुनु पर्ने मुख्य गुण नै त्यसको विश्वासनीयता र वैधता हो । यदि कुनै तथ्याङ्कमा विश्वसनीयता र वैधताको गुण पाइँदैन भनि त्यो तथ्याङ्कक वैध हुन सक्दैन र यसले वास्तविकताको चित्रण पनि गर्न सक्दैन, फलस्वरूप समस्याको चुरो पत्ता लाग्दैन । तथ्याङ्कलाई राम्रोसँग व्याख्या र विश्लेषण गर्नका लागि त्यसमा विश्वसनीयता र वैद्यता हुनुपर्दछ । यसका लागि प्रश्नावली भई परिस्कृत गरी प्रश्नमा देखिएका समस्यालाई निराकरण गर्नु पर्दछ । जसले तथ्याङ्कलाई विश्वासनीय र बैध बनाउने कार्य गर्दछ ।

## ३.७ तथ्याङ्कको सम्पादन विश्लेषण र प्रस्तुतीकरण

तथ्याङ्क सङ्कलनका क्रममा प्राप्त विभिन्न सूचनाहरूलाई क्रमबद्ध रूपमा तालिकाबद्ध गरी त्यसको व्याख्या र विश्लेषण गरिनेछ । अङ्कका रूपमा प्राप्त तथ्यलाई तालिकामा वर्णनात्मक रूपमा प्रस्तुत गरिनेछ । हाँडीखोला गा.वि.स. वडा नं. ७ सहित सबै वडामा बसोबास गर्ने चेपाङ जातिको शैक्षिक अवस्थाको बारेमा विभिन्न तरिका अपनाई पत्ता लगाइएका कुराहरू बार, चार्ट र टेबुलको माध्यमबाट प्रस्तुत गरिनेछ । गुणात्मक तथ्यलाई भने व्यवस्थित र तार्किक रूपमा विश्लेषण गरिएको छ ।

## ३.८ अध्ययनको सीमितता

नेपालमा भएका जनजाति सबैलाई उत्तिकै संरक्षण र महत्व दिई जोगाउनु नितान्त आवश्यक छ । जनजातिहरू गरिबीको कारण शिक्षाको उज्यालो घामबाट बञ्चित भई विभिन्न रोजगारीको अवसरहरूमा पछि परेका छन् । उनीहरू राज्यबाट उचित कार्यक्रमको खाँचो

छ । उचित कार्यक्रमको पर्खाइमा बसेका विभिन्न जनजाति मध्ये चेपाङ पनि एक हो । यस अध्ययनले सम्पूर्ण देशको चेपाङहरूको प्रतिनिधित्व गर्न सक्दैन । किनकि यसले सानो क्षेत्रलाई ओगटेको छ । यो अध्ययन एउटा विद्यार्थीले आफ्नो डिग्री प्राप्त गर्नको लागि गरेको हुँदा यसको आफ्नै सीमितता छ । यस अध्ययनको मुख्य क्षेत्र भनेकै चेपाङ जातिको शैक्षिक अवस्था पत्ता लगाउनु हो । अनुसन्धानले वैज्ञानिक र अनुसन्धानकर्तालाई चेपाङ समुदायको

बारेमा अध्ययन गर्नको लागि बन्देज (सीमा) लगाउने छैन, तर पनि यस अध्ययनका सीमाहरू निम्नानुसार छन् :

(१) यस अध्ययन सीमित स्रोत र साधनमा गरिएको छ ।

(२) यस अध्ययन मुख्यत हाँडीखोला गा.वि.स. वडा नं. ७ सहित सबै वडामा पर्ने चेपाङ समुदायको शैक्षिक अवस्थालाई मात्र समेटेको छ ।

(३) यस अध्ययनले हाँडीखोला गा.वि.स. का सम्पूर्ण चेपाङ समुदायको प्रतिनिधित्व नगर्न सक्छ ।

(४) पृथक स्थानमा बसोबास गर्ने चेपाङहरूका फरक फरक शैक्षिक अवस्था हुन सक्छ त्यसकारण सामान्यीकरण सम्भव नहुन सक्छ ।

## अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय

उत्तरतर्फ चिन, पूर्व पश्चिम साथै दक्षिणतर्फ भारतसँग सिमाना जोडिएर बिचमा अवस्थित स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न भूपरीवेष्ठित देश नेपालको पाँच विकास क्षेत्रमध्ये मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलमा पर्ने ५ वटा जिल्लाहरू मध्ये मकवानपुर जिल्ला पनि एक हो । यस जिल्लाको पूर्वमा ललितपुर, काभ्रे, सिन्धुली जिल्ला साँध हुँदै बाग्मती नदी पर्दछ भने पश्चिममा चितवन जिल्ला साँध हुँदै लोथर खोला, उत्तरमा धादिङ र काठमाडौं जिल्ला साँघ हुँदै चन्द्रागिरी पर्वत र दक्षिणतर्फ बारा, पर्सा, रौतटहटका जिल्ला साँध हुँदै चुरे पहाडको सीमानामा जोडिएको छ ।

मकवानपुर जिल्लाले ९ वटा जिल्ला छोएको छ । पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म जोड्ने प्रमुख द्वारको रूपमा परिचित यो मकवानपुर जिल्ला सामाजिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं औद्योगिक दृष्टिकोण र अहिले आएर शैक्षिक गन्तव्यको रूपमा चिनाउन सफल जिल्ला पनि हो । मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलमा पर्ने मकवानपुर जिल्ला नारायणी अञ्चलकै ठुलो जिल्ला हो । एक नगरपालिका र ४३ वटा गाविस भएको यस जिल्लाले नेपालको १.६४% भूभाग ओगटेको छ । वि.सं. २०६४ सालमा सम्पन्न संविधान सभा निर्वाचनमा ४ वटा निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लामा सबैभन्दा बढी तामाङ जातिको बसोबास रहँदै आएको छ । क्षेत्रफलको हिसाबले २४२६ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस जिल्लाको भौगोलिक अवस्थिति हेर्दा ८४°४१' देखि ८५°३१' पूर्वी देशान्तरसम्म र २७°१०' देखि २७°४०' उत्तरी अक्षांशकोबिचमा अवस्थित रहेको छ । नेपाल अधिराज्यको कुल क्षेत्रफलको १.६५% भाग ओगटेको छ । (जि.वि.स. मकवानपुर, २०६७) ।

पौराणिक किंवदन्तीका अनुसार मकवानपुर जिल्लाको नामकरणको बारेमा चर्चा गर्दा यस जिल्लाको उत्तरपूर्वी भागमा अवस्थित मकवानपुर गढी भन्ने ठाउँमा सेनवंशी राजा मुकुन्दसेनबाट शासन गरिएको हुनाले प्रतापी राजाको नामबाट मुकुन्दपुर राखिएको र कालान्तरमा मकवानपुर भएको भन्ने भनाइ छ । मकवानपुर गढीमा स्थापना गरिएको पूर्णकदको स्वर्णलेपन गरिएको वंशगोपाल श्रीकृष्णको मूर्तिले मुकुन्दसेनको तत्कालीन

दरबारको महत्ववलाई झल्काउँछ । उक्त ठाउँ पृथ्वीनारायण शाहको ससुराली पनि हो । यस जिल्लालाई औद्योगिक जिल्लाको रूपमा पनि चिन्न सकिन्छ । यहाँ विभिन्न उद्योग, कलकारखानाहरू सञ्चालित छन् । जस्तै : हेटौंडा कपडा उद्योग, कोल्गेट पाल्मोलिभ, युनिलिभर लिमिटेड, बिस्कुट, साबुन, शिवम सिमेन्ट, बियर फ्याक्ट्रीको साथै हेटौंडा सिमेन्ट उद्योग जस्ता कारखानाहरू यस जिल्लाको हेटौंडा नगरपालिका आसपासमा रहेका छन् । यस जिल्लालाई सरदर न्यूनतम तापक्रम १६.६० सेल्सीयस देखि अधिकतम तापक्रम ३०.३० सेल्सीयससम्म रहेको छ । यस जिल्लामा औषत सालाखाला २,२८८ मिलिलिटर पानी पर्दछ ।

मकवानपुर जिल्लालाई भूक्षयको दृष्टिकोणले अति संवेदनशील जिल्लाको रूपमा लिइन्छ । जिल्लाको सबैभन्दा होचो भाग पूर्वी मकवानपुरमा पर्ने राइगाउँलाई मानिन्छ, जुन समुद्र सतहबाट १६६ मिटरको उचाइमा छ भने अग्लो भाग सिमभञ्ज्याङलाई मानिन्छ, जसको उचाइ समुद्र सतहबाट २५८४ मिटरमा रहेको छ । महाभारत पर्वत शृङ्लाको अन्तर्गत जैविक विविधतायुक्त उच्च स्थल जहाँबाट ८ वटा प्रमुख हिमशिखरहरूको सहज दृश्यावलोकन गर्न सकिन्छ । जिल्लाको उत्तरी क्षेत्रको सिमभञ्ज्याङबाट दक्षिणको भारतीय भूमि लगायतको समथर भू-भागको दृश्यावलोकन गर्न सकिन्छ । हिमवर्षाको अद्भुत दृश्य, दुर्लभ वनस्पति आदिको कारण यस क्षेत्रलाई सन् २००२ को अन्तर्राष्ट्रिय पर्वतीय वर्षको उपलक्ष्यमा तत्कालीन श्री ५ को सरकारद्धारा पर्वतीय वनस्पति उधान घोषणा गरिएको थियो । यहाँ मानव अधिकार स्तम्भ समेत निर्माण गरिएको छ । सिमभञ्ज्याङमा अवस्थित दामन भ्युटावरले देशकै पहिलो दृश्यावलोकन टावरको कीर्तिमान राखेको छ । दशकदेखि स्वदेशी, विदेशी पर्यटकहरूलाई सेवा पुऱ्याउँदै आइरकेको सुविधायुक्त पानोरोमा रिसोर्ट पनि यसै क्षेत्रमा पर्दछ । विभिन्न समयमा ज्यान उत्सर्जन गर्ने १२ जना सहिदको आकृति एउटै शिलालेखमा कुँदी स्थापना गरिएको सहिद स्मारकदेखि लिएर जिल्लाका प्रमुख धार्मिक स्थलहरू भुटनदेवी, ऋषेश्वर, चुरियामाई, पशुपतिनाथको साथै मनकामना मन्दिर जस्ता तिर्थस्थलहरू समेत यस जिल्लामा पर्दछन् । अर्किड (सुनगाभा) तथा लालीगुराँसको मनोरम भण्डार पनि यस जिल्लामा रहेको छ । जसमा नेपालमा पाइने ३६० प्रजातिका सुनगाभा मध्ये १७५ प्रजाति सिमभञ्ज्याङ क्षेत्रमा पाइएको छ ।

तामाङ जातिको सर्वाधिक बाहुल्यता रहेको यस जिल्लामा चेपाङ जातिको विशेष बासस्थान रहेको छ भने हालै मात्र प्रकाशमा आएको अति पिछडिएको बनकरिया जातिको मानिसहरूको बसोबास क्षेत्र र तिनीहरूको सांस्कृतिक भौगोलिक पहिचानको लागि पनि प्रसिद्ध रहेको छ । यस जिल्ला इन्द्रसरोवर (मानवनिर्मित सबैभन्दा ठुलो) तालबाट पनि प्रसिद्ध छ । जहाँ मार्खु र कुलेखानी गाविस अन्तर्गत गहिरो खोचमा बाध बाँधी नमुनाको रूपमा बर्सातको पानी सङ्कलन गरी कुलेखाली जलविद्युत आयोजनाको जलाशयको रूपमा ७ कि.मि. लामो मानव निर्मित इन्द्रसरोवर जलयात्रा तथा माछापालनको निमित्त प्रसिद्ध छ । कुलेखानी पहिलो धोर्सिङ, कुलेखानी दोस्रो (भैंसे) बाट करिब ९२ मेघाबाट जलविद्युत् उत्पादन हुँदै आएको छ । हाल कुलेखानी तेस्रो निर्माणाधीन अवस्था रहेको छ ।

२०५८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ३,९२,६०४ रहेको छ । २०६८ सालको जनगणनामा ४,८०,००० जनसङ्ख्या पुगेको अनुमान गरिएको छ । जसमध्ये पुरुष २००५८१ र महिला १९२०२३ रहेको छ । जनसङ्ख्याको औषत वार्षिक बृद्धिदर २.३% छ । साक्षरता दर हेर्ने हो भने पुरुषको ६५% र महिलाको ३५% छ । तामाङ, राई, चेपाङ आदि यस जिल्लाको आदिबासीहरूमा पर्दछन् ।

## ४.२ अध्ययन क्षेत्रको परिचय

मकवानपुर जिल्लाको ४ नम्बर क्षेत्रमा पर्ने हाँडिखोला गा.वि.स. हेटौंडा नगरपालिकाबाट करिब ११ कि.मी पश्चिम-दक्षिणमा पर्ने बसामाडी गा.वि.स. वडा नं. २ बस्तीपुरबाट २ कि.मी. दक्षिण लागेपछि र पूर्व पश्चिम राजमार्गको करिब ११ कि.मी. लम्बाईमा फैलिएको राप्ती नदीको पारीपट्टि अवस्थित यस गा.वि.स.को भौगोलिक बनावट भिन्नै किसिमको पाइन्छ । यसर्थ यहांको भौगोलिक अवस्था जनसंख्याको स्थिती तथा अन्य सामाजिक अवस्थाको बारेमा जानकारी हुन आवश्यक छ ।

## ४.३ अध्ययन क्षेत्रको सामाजिक र जनसाङ्ख्यिक अवस्था

कुनै पनि समाजका जातिगत जनसङ्ख्याको संरचनाले त्यस क्षेत्रको सामाजिक क्रियाकलाप र नेतृत्वलाई प्रभाव पार्दछ । जनसङ्ख्याले कुनै पनि देशको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक तथा शैक्षिक स्थितिमा ठुलो भूमिका निर्वाह गर्दछ । साथै जनसङ्ख्याको रूपमा आकार र वितरण तथा जनसङ्ख्या सम्बन्धित अन्य प्रक्रियाले त्यस समाज वा समुदायको स्वरूप, आकार, सामाजिक संरचना, सामाजिक, सम्बन्ध आदिमा पनि

प्रत्यक्ष रूपले प्रभाव पारेको हुन्छ । त्यसैले जनसङ्ख्या अध्ययन गर्नु जरूरी छ । यस गाविस को ९ वटा वडाहरूमा रहेको जनसङ्ख्या समान रूपको छैन राम्रो भौगोलिक अवस्था र बढी विकसित वडाहरूमा जनघनत्व बढी र भौगोलिक विकटता तथा कम विकसित वडाहरूमा जनघनत्व कम रहेको छ ।

## ४.३.१ वडागत जनसङ्ख्या विवरण

यस गाविस को ९ वटै वडाहरूमा रहेको जनसङ्ख्या समान छैन, राम्रो भौगोलिक अवस्था र बढी विकसित वडाहरूमा जनघनत्व बढी र भौगोलिक विकटता र कम विकसित वडाहरूमा जनघनत्व कम रहेको छ ।

**तालिका नं. १**

**हाँडीखोला गाविसको वडागत जनसङ्ख्या**

| वडा नं. | घरधुरी सङ्ख्या | पुरुषको सङ्ख्या | महिलाको सङ्ख्या | कुल जनसङ्ख्या | परिवारको औषत सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३५२ | ९९४ | ९५८ | १९५२ | ५ | |
| २ | ४३६ | ११६३ | ११०३ | २२६६ | ५ | |
| ३ | ३४८ | १११८ | ११२६ | २२४४ | ६ | |
| ४ | ६०३ | १६२४ | १५०३ | ३१२७ | ५ | |
| ५ | २१५ | ५६४ | ५६५ | ११२९ | ५ | |
| ६ | ४८५ | १२९३ | १३९३ | २६८६ | ५ | |
| ७ | ५६० | १८४० | १७२३ | ३५५३ | ६ | |
| ८ | ३७१ | १०२९ | ९८३ | २०१२ | ५ | |
| ९ | ३४४ | १०२६ | ९५२ | १९७८ | ५ | |
| जम्मा | ३७१४ | १०७५१ | १०२०६ | २०९५७ | ५.२२ | |

स्रोत : हाँडीखोला गाविस, २०६७

## ४.३.२ जातिगत जनसङ्ख्या र भाषागत विवरण

हाम्रो देश विभिन्न जातजातिबाट बनेको फूलबारी भने जस्ते यस गाविस मा पनि विभिन्न जातजातिहरू मिलेर एउटा राम्रो फूलबारी बनेको छ । यस गाविस सानो भए तापनि १२ वटा जातजातिहरूको बसोबास रहेको छ । तामाङ, ब्राह्मण, क्षेत्री, राईदनुवार, गुरुङ, नेवार, मगर, सन्यासी,कामी, दमाइ, चेपाङ, बनकरिया गरी जम्मा १२ जाति मिलेर यहाँको जातिगत संरचना बनेको छ ।

**तालिका नं. २**

**हा“डीखोला गाविसमा रहेका जातिगत जनसङ्ख्या र भाषागत विवरण विवरण**

| जाति | जनसङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| तामाङ | **ज्ञण्द्दण्ट** | **द्धड.टढ** |
| ब्राह्मण | **घद्धण्ट** | **ज्ञट.द्दछ** |
| क्षेत्री | **द्दडघढ** | **ज्ञघ.छद्ध** |
| चेपाङ | **ज्ञडछघ** | **ड.ढण** |
| दलित | **ठढठ** | **घ.डण** |
| राईदनुवार | **छढट** | **द्द.डद्ध** |
| अन्य | **ज्ञज्ञढद्ध** | **छ.टढ** |
| बनकरिया | **टट** | **ण.घज्ञ** |
| जम्मा | **द्दण्ढछठ** | **ज्ञणण** |

**भिलेज प्रोफाइल हाँडीखोला-२०६८**

| **जाति** | **जनसङ्ख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| **नेपाली** | **12299** | **58=68** |
| **तामाङ** | **8036** | **38=34** |
| **चेपाङ** | **552** | **2=63** |
| **मगर** | **28** | **0=13** |
| **गुरुङ** | **12** | **0=04** |
| **नेवार** | **1** | **0=004** |
| **अन्य** | **30** | **0=14** |

सबभन्दा बढी नेपाली भाषा त्यसपछि तामाङ, चेपाङ भाषा बोल्ने लगायत रहेका छन् । यस गा.वि.स. मा तामाङ जातिको बाहुल्यता देखिन्छ र सबभन्दा न्यून गुरुङ र नेवार जातिको बसोबास रहेको छ ।

## ४.३.३ धार्मिक अवस्था

नेपाल एउटा बहु धार्मिक देश हो भने यस्तै यो गाविस पनि बहुधार्मिक क्षेत्रको रूपमा रहेको छ । यस क्षेत्रमा विभिन्न धर्म मान्ने मानिसहरू रहेका छन् । हिन्दु, बौद्ध, क्रिस्चियन धर्म रहेको छ । अहिले विभिन्न बाह्य कारणले गर्दा क्रिस्चियन धर्म मान्नेको

सङ्ख्या क्रमिक रूपमा बढ्दो क्रममा छ तर पनि यस क्षेत्रमा धर्मको नाममा कुनै मनमुटाव छैन, सबै व्यक्तिहरू समान रूपले सबै धर्मावलम्बीहरूलाई सम्मान र इज्जत गर्दछन् । जसले गर्दा यहाँ धर्ममा सहिष्णुता देखिन्छ । १५० घरधुरी हिन्दु र १३० घरधुरी क्रिस्चियन ६ प्राकृतिक र ३ बौद्ध धर्म मान्ने चेपाङहरु रहेकाछन् । (हाल चेपाङका अगुवाहरुले आफ्नो धर्म प्राकृतिक भन्न थालेका छन् ।)

### ४.३.४ चाडपर्वहरू

यस क्षेत्रमा सबै जाति धर्म भएका कारण आफ्नो धर्मानुसार दसैं, तिहार, तिज, माघेसङ्क्रान्ति, साउनेसक्रान्ति, स्थानीय मेला, क्रिसमसडे, बुद्धजयन्ती जस्ता चाडपर्वहरू मनाउँछन् ।

### ४.३.५ लैङ्गिक अवस्था

यस क्षेत्रमा रहेको लैङ्गिक अवस्था सामान्य देखि अहिले भन्दा १० वर्ष अगाडि छोराछोरीमा धेरै भिन्नता थियो । छोरीलाई विद्यालय नपढाउने केही गरी पढाए पनि एस.एल.सी. पास गरेपछि क्याम्पस पढ्न छोरीलाई सहर नपठाउने छोरी बिग्रन्छ भन्ने परम्परागत धारणा थियो तर आज धेरै छोरीहरू विद्यालय र महाविद्यालय पढेर शिक्षित बनेको छ । तैपनी छोरा र छोरीमा समान भए पनि समाजमा रहेको महिलाप्रति हेर्ने धारणामा भने केही कमजोरी अझै छ । विभिन्न संस्थाको क्रियाशीलतामा भने केही महिलाहरूले महिला सहकारी र अन्य संस्था खोलेर जीवन निर्वाह गर्न थालेका छन् ।

## ४.४ अध्ययन क्षेत्रको आर्थिक अवस्था

यस गाविस मा रहेका जनसमुदायको आर्थिक अवस्था सामान्य नै रहेको छ । यहाँ सबैजसो मानिस कृषिमा आधारित छन् । यहाँ क्षेत्री, ब्राह्मण र तामाङहरूको आर्थिक अवस्था राम्रो छ तर चेपाङ र दलितको आर्थिक अवस्था अत्यन्त दयनीय छ ।

### ४.४.१ भूस्वामित्वको अवस्था

यस गाविस ९९५ परिवार भूमिहिन अवस्थामा छन् भने अरूको सामान्य आफ्नो जग्गा छ तर पनि वर्षमा काम गरेर १ महिना पनि खान नपुग्ने पनि छन् भने १% खाने वर्ग छन् ।

### ४.४.२ पेसाको अवस्था

यस समुदायमा प्राय कृषि काम गरेर जीवन चलाउने कृषकहरू नै छन् तर पनि केही मात्रामा कर्मचारी, व्यापारी र वैदेशिक रोजगारमा संलग्न रहेका छन् ।

### ४.४.३ उद्योग अवस्था

यस गाविस मा ठुलो उद्योग धन्दा त छैन तर पनि मानिसको आफ्नो जीवन निर्वाह गर्नका लागि सामान्य किसिमका घरेलु उद्योग जस्तै डोको बुन्ने, मान्द्रो, परालबाट बनने गुन्द्री, चकटी, सुकुल, काष्ठ फर्निचर, घट्ट मेल आदि ।

### ४.४.४ संरचनाको अवस्था

यस क्षेत्रको एक्ल फोनको सुविधा छैन तर ताररहित ऋम्ः ब फोन, ल्त्रः, ल्त्रःभी :यदषभि को प्रयोगले संरचनाको क्षेत्रमा केही मात्रामा भए पनि राहत मिलेको छ । यहाँ राम्रोसँग त्व को नेटवर्क छैन । एफ. एम. रेडियो लगभग प्रत्येकको घरमा छ । मोवाइल २५% ले बोकेका छन् भने १0% ले ऋम्ःब फोन प्रयोग गरेका छन् ।

### ४.४.५ यातायात

हेटौडा पदमपोखरी हुँदै वडा नं. १ को चकरी, वडा नं. २ को मकरी हुँदै वडा नं. ३, ५, ६, ७, ८ र ९ वडासम्म पुग्ने सडक च्क्ष्मए को सहयोगमा निर्माणाधीन अवस्थामा रहेको छ । हिउँद र वर्षा दुवै याममा वडा नं. १ र २ मा यातायता चल्ने गर्दछ । अन्य वडाका धेरै जसो बस्तीहरुमा लोकल यातायात पुग्ने गर्दछ । सबै वडाका सडकहरु कच्ची र ग्रावेल हुन् । वडा नं. ८,९, ७,४, १ र २ मा हिउँद महिनामा लोकल यातायात मार्फत जनताहरुले सेवा पाइरहेका छन् ।

# अध्याय पा“च

# शैक्षिक विकास र सामुदायिक पह“ुचको अवस्था

## ५.१ सामाजिक तथा जनसाङ्ख्यिकीय अवस्था

### ५.१.१ चेपाङ जातिको विवरण

मकवानपुर जिल्लाको एक नगरपालिका र ४३ गाउँ विकास समिति मध्ये हाँडीखोला पनि एक गा.वि.स. हो । ठुलो भुगोल भएको, धेरै जनसङ्ख्या अधिकांश जनजातिहरुको बसोबास रहेको, गरिब, विपन्न सुकुम्बासीहरुको बसोबासको वाहुल्यता रहेको यस गा.वि.स.मा चेपाङ जातिको बसोबास उल्लेखनीय रहेको छ । चेपाङ जातिको वडागत विवरण तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. ३**

**हाँडीखोला गा.वि.स.को चेपाङ जातिको वितरण**

| वार्ड नं. | घरधुरी | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| **ज्ञ** | **ण्ण** | **ण्ण** | **ण्ण** | **ण्ण** | |
| **द्द** | **द्धछ** | **ज्ञटज्ञ** | **ज्ञछद्द** | **घज्ञघ** | |
| **घ** | **छठ** | **द्दण्ढ** | **ज्ञढज्ञ** | **द्धण्ण** | |
| **द्ध** | **ण्ण** | **ण्ण** | **ण्ण** | **ण्ण** | |
| **छ** | **घद्द** | **द्धद्द** | **द्धढ** | **ढज्ञ** | |
| **ट** | **घण** | **डढ** | **छद्ध** | **ज्ञज्ञघ** | |
| **ठ** | **ज्ञण्घ** | **द्धद्धज्ञ** | **घढद्ध** | **डघछ** | |
| **ड** | **ठ** | **ज्ञछ** | **द्दद्ध** | **घढ** | |
| **ढ** | **ज्ञछ** | **घठ** | **द्दछ** | **टद्द** | |
| **जम्मा** | **द्दडढ** | **ढटद्ध** | **डडढ** | **ज्ञडछघ** | |

(स्रोत : हाँडीखोला गाविस, २०६७)

वडा नं. १ र ४ मा चेपाङको बसोबास नभएको र वडा नं. २, ३, ५,६, ७,८ र ९ मा गरी २८९ घरधुरीमा महिला ८८९ र पुरुष ९६४ गरी जम्मा १८५३ जनसङ्ख्या रहेको छ । सबैभन्दा बढी वडा नं. ७ मा १०३ घरधुरी र ८३५ जनसङ्ख्या रहेको छ । विपन्न, गरिब,

सुकुम्बासी, आर्थिक अवस्था कमजोर भएको र अशिक्षित चेपाङहरु यसै वडामा बसोबास गर्ने गर्दछन् । सबैभन्दा कम वडा नं. ८ मा ३९ रहेको छ । हरेक वडा मा अध्ययनबाट पुरुषभन्दा महिला कम रहेको छ ।

## ५.१.२ उमेर

२८९ घर परिवारको १८५३ जनसङ्ख्या चेपाङहरुको वडा नं. १ र ४ वाहेक अन्य वडाहरुको ५ वर्ष मुनी, ५ देखि १६ वर्ष, १६ वर्ष देखि ५९ वर्ष र ६० वर्ष भन्दा माथिको उमेरगत अवस्था निम्न पाइयो ।

**तालिका नं. ४**

**हाँडीखोला गा.वि.स.को चेपाङहरुको उमेरगत जनसङ्ख्या वितरण**

| वार्ड नं. | ५ वर्ष मुनी | ५-१६ वर्ष | १६-५९ वर्ष | ६० वर्ष माथि | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| **ज्ञ** | **ए** | **ए** | **ए** | **ए** | | |
| **द्द** | **घद्ध** | **ज्ञद्दण** | **ज्ञद्धठ** | **ज्ञद्द** | **घज्ञघ** | |
| **घ** | **द्धद्ध** | **ज्ञद्धड** | **ज्ञढद्द** | **ज्ञट** | **द्धण्ण** | |
| **द्ध** | **ण्ण** | **ण्ण** | **ण्ण** | **ण्ण** | **ण्ण** | |
| **छ** | **ज्ञठ** | **घढ** | **द्दद्ध** | **ज्ञज्ञ** | **ढज्ञ** | |
| **ट** | **ज्ञछ** | **घछ** | **छड** | **छ** | **ज्ञज्ञघ** | |
| **ठ** | **ज्ञण्द्ध** | **घण्ज्ञ** | **द्धण्ण** | **घण** | **डघछ** | |
| **ड** | **छ** | **ज्ञद्द** | **द्दण** | **द्द** | **घढ** | |
| **ढ** | **छ** | **द्दण** | **घद्ध** | **घ** | **टद्द** | |
| **जम्मा** | **द्दद्दद्ध** | **टठछ** | **डठछ** | **ठढ** | **ज्ञडछघ** | |

(स्रोत : हाँडीखोला गाविस, २०६७)

वडा नं १ देखि वडा नं. ९सम्म उमेरगत आधारमा अध्ययन विश्लेषण गर्दा वडा नं. १ र ४ मा चेपाङ जातिको बसोबास रहेको पाइएन । वडा नं. ७ मा सबै भन्दा बढी ८३५ जना चेपाङहरु रहेको छ । ५ वर्ष मुनिका १०४ जना, ५ देखि १६ वर्षका ३०१ जना, १६ देखि ५९ वर्षका ४०० जना र ६० वर्षमाथिका ३० जना रहेको पाइयो । वडा नं. ८ मा सबै भन्दा ३९ जना रहेको छ । ५ वर्ष मुनिका ५ जना, ५ देखि १६ वर्षका १२ जना, १६ देखि

५९ वर्षका २० जना र ६० वर्षमाथिका २ जना रहेको छ । सबै भन्दा बढी जनसङ्ख्याको हिसाबले वडा नं. ७, ३, २, ६, ५, ९ र ८ क्रमशः धेरैबाट थोरै जनसङ्ख्या भएका वडाहरु हुन् । यस अध्ययनबाट सबै वडाको उमेरगत आधारमा हेर्दा १६ वर्ष देखि ५९ वर्षका चेपाङ जातिहरु सब भन्दा बढी ८७५ जना पाइयो त्यसपछि ५ देखि १६ वर्षका ६७५ जना, ५ वर्ष मुनिका २२४ जना र ६० वर्ष माथिका सबै भन्दा कम ७९ जना गरी जम्मा १८५३ जना चेपाङहरुको बसोबास हाँडीखोलामा रहेको छ ।

## ५.२ सामाजिक अवस्था

हाँडीखोला गा.वि.स.का चेपाङहरु राजनैतिक कृयाकलापमा जस्तै सामाजिक गतिविधिमा न्यून सहभागिता जनाएको अध्ययनबाट पाइयो । धेरै जनसङ्ख्या भएको वडा नं. ७ मा भन्दा वडा नं. ३ मा सामाजिक सङ्घसंस्थामा सक्रिय सहभागिता जनाउनेहरु बढी रहेको अवस्था छ । आमा समूह, सहकारी, बाल तथा किशोरी क्लव, विद्यालय, गैरसरकारी संस्थाहरुमा धेरै थोरै सहभागी भई सामाजिक उपस्थिति जनाइरहेको तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ५**
**सङ्घ संस्थामा संलग्नताको आधारमा उत्तरदाताको वितरण**

| वडा नं. | जम्मा जनसङ्ख्या | सामाजिक सङ्घ संस्थामा संलग्नता | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| १ | ०० | ०० | ०० | ०० | ०० |
| २ | ३१३ | ५ | ७ | १२ | ३.८३ |
| ३ | ४०० | ५ | २१ | २६ | ६.५ |
| ४ | ०० | ०० | ०० | ०० | ०० |
| ५ | ९१ | २ | ३ | ५ | ५.४९ |
| ६ | ११३ | ५ | ६ | ११ | ९.७३ |
| ७ | ८३५ | ९ | १० | १९ | २.२७ |
| ८ | ३९ | २ | ३ | ५ | १२.८२ |
| ९ | ६२ | २ | ५ | ७ | ११.२९ |
| जम्मा | १८५३ | २८ | ५२ | ८० | ४.३१ |

(स्रोत : हाँडीखोला गाविस, २०६७)

अध्ययनबाट वडा नं. ३ मा सबैभन्दा बढी जनसङ्ख्याको अनुपातमा बढी चेपाङहरु सामाजिक सङ्घ संस्थामा आवद्ध रहेको पाइन्छ । सबै भन्दा बढी जनसङ्ख्या भएको वडा नं.

७ मा अन्य क्षेत्रमा जस्तै यस सामाजिक क्षेत्रमा पनि सहभागिता अत्यन्त न्यून २.२७ प्रतिशत रहेको पाइयो । जनसङ्ख्याको अनुपातमा सबै भन्दा बढी वडा नं.८, त्यसपछि क्रमश : ९, ६, ३, ५, २ र ७ रहेको छ । सामाजिक क्षेत्रमा सहभागिता कम हुनुमा अशिक्षा, आवश्यकता, गरिबी, विपन्नता र चेतनाको कमी नै प्रमुख कारणहरु रहेको छ । २८९ घरधुरीका १८५३ चेपाङहरु मध्ये महिला २८, पुरुष ५२ गरी जम्मा ८० तथा ४.३१ प्रतिशत रहनुले सामाजिक क्षेत्रमा चेपाङहरुको उपस्थिति न्यून रहेको पाइएको छ । विद्यालय, सहकारी, बाल क्लव, किशोरी क्लव, गैरसरकारी संस्था, आमा समूह मध्ये गैरसरकारी संस्था, सहकारी र किशोरी क्लबहरुमा बढी सहभागिता रहेको अध्ययनबाट देखिन्छ ।

## ५.३ शैक्षिक अवस्था

हाँडीखोला तामाङ जनजातिहरुको बाहुल्यता रहेको गा.वि.स. हो । विपन्नता, गरिबी, स्थायी आयस्रोतको कमी आदि कारणले अन्य जाति जस्तै चेपाङ जाति पनि शिक्षाको उज्यालो घामबाट छाया परेको पाइन्छ । दलित, क्षेत्री, बाह्मण, मगर, गुरुङ, राई, दनुवार जाति पनि बसोबास गरेको गा.वि.स.मा चेपाङहरुको शैक्षिक अवस्था सन्तोषजनक रहेको छैन । शैक्षिक अवस्थाको बारेमा तलको तालिकाबाट प्रष्ट भएको छ ।

## तालिका नं. ६

## चेपाङहरुको शैक्षिक अवस्थाको आधारमा वडागत वितरण

| वार्ड नं. | जम्मा जनसङ्ख्या | प्रा.वि. | नि.मा.वि. | मा.वि. | प्रमाण पत्र तह | स्नातक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ज्ञ | ण | ण | ण | ण | ण | ण | ण | ण |
| द्द | घज्ञघ | द्धठ | घण | ज्ञज्ञ | द्द | ज्ञ | ढज्ञ | द्दढ.णठ |
| घ | द्धण्ण | टज्ञ | द्धछ | द्दज्ञ | द्ध | घ | ज्ञघद्ध | घघ.छ |
| द्ध | ण | ण | ण | ण | ण | ण | ण | ण |
| छ | ९१ | द्दघ | द्ध | द्द | ण | ण | द्दढ | घज्ञ.डट |
| ट | ११३ | घज्ञ | घ | ज्ञ | ण | ण | घछ | घण.ढठ |
| ठ | ८३५ | ज्ञद्धछ | द्धठ | ज्ञछ | द्द | द्द | द्दज्ञज्ञ | द्दछ.द्दट |
| ड | ३९ | ट | ज्ञ | ण | ण | ण | ठ | ज्ञठ.ढद्ध |
| ढ | ६२ | ज्ञठ | द्द | ज्ञ | ण | ण | द्दण | घद्द.द्दछ |
| जम्मा | ज्ञडछघ | घघण | ज्ञघद्द | छज्ञ | ड | ट | छद्दठ | द्दड.द्धद्ध |

(स्रोत : हाँडीखोला गाविस, २०६७)

अध्ययनको क्रममा चेपाङहरु १० वर्षअघि भन्दा हालको शैक्षिक अवस्थाको प्रगति हेर्दा सन्तोष मान्न पर्ने देखिन्छ । अन्य जाति जस्तै चेपाङ जातिहरुमा पनि विपन्नता धेरै सन्तान, स्थायी आय स्रोतको अभाव, मेलापात, ज्याला, मजदूरी गर्नुपर्ने, चेतनाको कमी आदि कारणले शैक्षिक चेतना र स्तरमा सोचे अनुरुप प्रगति भएको पाइदैन । सबैभन्दा बढी शिक्षित प्रतिशत वडा नं. ३ मा र क्रमश : वडा नं. ९, ६, ५,२, ७, ८ मा भएको पाइएको छ । सबै भन्दा बढी जनसङ्ख्या रहेको वडा नं. ७ शैक्षिक अवस्थामा पनि पछाडि नै भएको पाइयो । १८५३ जनसङ्ख्या मध्ये प्रा.वि., नि.मा.वि., मा.वि., प्रमाण पत्र तह र स्नातक तहको तथ्याङ्क लिदा प्रा.वि. तहमा सबै भन्दा बढी अध्ययन गरिरहेको पाइयो । प्रौढ शिक्षा अध्ययन गर्नेहरु अत्यन्त न्यून देखिन्छ । हालसम्म मास्टर डिग्री गर्नेहरु पाइएको छैन । प्रतिशतको हिसाबले जम्मा जनसङ्ख्याको ५२७ जना अर्थात् २८.४४ प्रतिशत साक्षर भएको अध्ययन र तथ्याङ्कबाट स्पष्ट भएको छ । प्रा.वि. अध्ययन गरेपछि उत्तिर्ण पश्चात पनि नि.मा.वि. अध्ययन नगरी पढाई छाड्नेहरु धेरै नै रहेको छ । सबै भन्दा मुख्य समस्या अभिभावहरुमा शैक्षिक चेतनाको अभाव र गरिबी नै मुख्य कारण रहेको छ । एस.एल.सी.

गर्नेहरु उच्च शिक्षा अध्ययन गर्न नरुचाउने र आर्थिक अवस्थाले नसक्ने विकराल अवस्था पाइएको छ ।

## ५.३.१ विद्यालयको अवस्था

**तालिका नं. ७**

**विद्यालयमा चेपाङ विद्यार्थीहरुको वितरण**

| वडा नं. | विद्यालयको नाम | चेपाङ विद्यार्थी | चेपाङ शिक्षक | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रा.वि. चकरी | ० | ० | |
| १ | जन ज्योति नि.मा.वि., गोगनपानी | ० | ० | |
| २ | बाल जीवन ज्योति मा.वि.म,मकरी | ५३ | ० | |
| ३ | प्रजा नि.मा.वि., सिद्धकाली | ७३ | १ | |
| ४ | सिता नि.मा.वि.,टाँडी | ० | ० | |
| ४ | त्रिरत्न प्रा.वि., दोभान | ० | ० | |
| ५ | नव जागृति प्रा.वि., भुन्द्रुङ | ३१ | ० | |
| ६ | महेन्द्र ज्योति उ.मा.वि., हाँडीखोला | ४१ | ० | |
| ६ | नव ज्योति प्रा.वि., लामिटार | २१ | ० | |
| ७ | सृजना प्रा.वि., ज्यामिरे | २१ | ० | |
| ७ | चेपाङ प्रा.वि.,चिसापानी | ४९ | १ | |
| ७ | पशुपतिनाथ मा.वि., मसिने | ३१ | ० | |
| ८ | मदन आश्रित प्रा.वि. रुन्चेडाँडा | ४ | ० | |
| ८ | भोजसिद्ध मा.वि. बसन्तपुर | १० | ० | |
| ९ | जनचेतना प्रा.वि., डिल्लीपुर | २६ | ० | |
| ३ | अरनिको एकेडेमी, सिद्धकाली | ३ | ० | |
| ४ | च्यावल बाल विकास केन्द्र | ० | ० | |
| ४ | बाल विकास केन्द्र पानी ट्याङ्की | ० | ० | |
| २ | रिलायन्स बोर्डिङ स्कुल | ४ | ० | |
| | जम्मा | ३६७ | २ | |

(स्रोत : हाँडीखोला गा.वि.स.,२०६७)

चेपाङहरुको उल्लेखनीय बसोबास रहेको हाँडीखोला गा.वि.स. मा १५ वटा सामुदायिक विद्यालय, २ वटा बालविकास केन्द्र र २ वटा बोर्डिङ स्कुल स्थापना भई सञ्चालनमा रहेका छन् । वडा नं. ७ मा चेपाङ प्रा. वि. र वडा नं. २ मा प्रजा नि.मा.वि. गरी २ वटा विद्यालय चेपाङहरु कै नाममा स्थापना भएका छन् । २ वटा विद्यालयमा १/१ जना चेपाङ शिक्षक कार्यरत रहेका छन् । ४ वटा सामुदायिक विद्यालय, २ वटा बालविकास केन्द्र चेपाङ विद्यार्थीहरु अध्ययनरत रहेका छैनन् । ठुलो भूगोल धेरै जनसङ्ख्या, विकट, डाँडा, काडा, उकाली, ओराली, भिर, पाखामा चेपाङहरुको बसोबास रहेको तथा विद्यालयबाट चेपाङको बस्ती, घर २ घन्टा समय लाग्ने दूरीमा समेत रहेकोले विद्यालयमा पहुँच कम रहेको अध्ययनबाट प्रस्ट भएको छ । गरिबी, विपन्नता, स्थायी आय स्रोतको कमी, अशिक्षा, स्थानीय निकाय, राज्य, सरकार, राजनैतिक दल, सङ्घ संस्थाहरुले चेपाङ समुदायको शसक्तीकरणमा प्रयाप्त ध्यान नदिनु नै चेपाङ बालबालिकाहरु विद्यालयमा प्रवेश गर्न पछि पर्नुको कारणहरु हुन् । २ जना शिक्षक मात्र विद्यालयमा कार्यरत रहनुले चेपाङहरुको शैक्षिक अवस्था, स्तर, स्पष्ट भएको छ ।

### ५.३.२ साक्षरता अवस्था

मकवानपुर जिल्ला हाँडीखोला गा.वि.स.को वडा नं. ७ मा धेरै चेपाङहरुको बसोबास देखिएको छ । अन्य वडा नं. २, ३, ५, ६, ८ र ९ मा पनि चेपाङ समुदायमा साक्षरताको अवस्था सन्तोषजनक रहेको छैन । स्लगत सर्वेक्षण र घरदैलो अभियानबाट साक्षरताको अवस्था निम्न तालिकामा देखाइएको छ :

## तालिका नं. ९

## साक्षरताको आधारमा जनसङ्ख्या र वडागत वितरण

| वडा नं. | जम्मा जनसङ्ख्या | पुरुष साक्षर अवस्था | | | | | महिला साक्षर अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा पुरुष | जम्मा साक्षर सङ्ख्या | प्रतिशत | निरक्षर सङ्ख्या | प्रतिशत | जम्मा महिला | महिला साक्षर सङ्ख्या | प्रतिशत | निरक्षर सङ्ख्या | प्रतिशत |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ३१३ | १६१ | ७१ | ४४.०९ | ९० | ५५.९० | १५२ | १९ | १२.५० | १३३ | ८७.५० |
| ३ | ४०० | २०९ | ९० | ४३.०६ | ११९ | ५६.९४ | १९१ | ४३ | २२.५१ | १४८ | ७७.४९ |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ९१ | ४२ | १८ | ४२.८५ | २४ | ५७.२५ | ४९ | ११ | २२.४४ | ३८ | ७७.५६ |
| ६ | ११३ | ८९ | २२ | २४.७१ | ६७ | ७५.२९ | ५४ | १२ | २२.२२ | ४२ | ७७.७८ |
| ७ | ८३५ | ४४१ | १५० | ३४.०१ | २९१ | ६५.९९ | ३९४ | ६१ | १५.४८ | ३३३ | ८४.५२ |
| ८ | ३९ | १५ | ५ | ३३.३३ | ११० | ६६.६७ | २४ | २ | ८.३३ | २२ | ९१.६७ |
| ९ | ६२ | ३७ | १५ | ४०.५४ | २२ | ५९.४६ | २५ | ७ | २८ | १८ | ७२ |
| **जम्मा** | **१८५३** | **९६४** | **३५४** | **३६.७२** | **६१०** | **६३.२७** | **८८९** | **१५५** | **१७.४३** | **७३४** | **८२.४७** |

(स्रोत : हाँडीखोला गाविस, २०६७ )

गोर्खा, धादिङ, चितवन सहित मकवानपुर जिल्लाका चेपाङहरुको बसोबास धेरै भएको गा.वि.स. मध्ये हाँडीखोला पनि एक हो । १८५३ जनसङ्ख्या रहेको गाउँ विकास समितिमा ९६४ पुरुष र ८८९ महिला रहेका छन् । ९६४ पुरुष मध्ये ३५४ साक्षर र ६१० निरक्षर तथा ८८९ महिला मध्ये १५५ महिला साक्षर र ७३४ महिला निरक्षर रहेको अध्ययनको क्रममा पाइयो । सामान्य साक्षरलाई प्रा.वि. अर्न्तगत राखिएको छ भने अन्यलाई पढाइको स्तर अनुसार नि.मा.वि. मा.वि. उच्च शिक्षामा वर्गीकरण गरी साक्षरता अवस्थाको अध्ययन गर्दा जनसङ्ख्याको अनुपातमा सबै भन्दा निरक्षर चेपाङहरु वडा नं. ७ मा नै रहेको छ । महिला ३९४ रहेकोमा ६१ जना साक्षर ३३३ जना निरक्षर रहेको, पुरुष ४४१ मा १५० साक्षर र २९१ निरक्षर भएको विकराल अवस्था पाइयो । साक्षरता अवस्थाको अध्ययन विश्लेषण गर्दा जनसङ्ख्याको अनुपातमा पुरुष साक्षर प्रतिशत क्रमैसङ्ग वडा नं. २, ३, ५, ९, ७, ८ र ६ मा क्रमश: ४४.०९%, ४३.०६ %, ४२.८५%, ४०.५४%, ३४.०१%, ३३.३३%, २४.७१% रहेको छ । निरक्षरतर्फ सबैभन्दा बढी निरक्षर भएको वडा ६ मा ७५.२९% रहेको

छ । औषतमा पुरुष साक्षरता ३६.७२ र पुरुष निरक्षरता ६३.२७% रहेको छ । महिला साक्षरता अवस्था अन्तर्गत वडा नं. २ मा रहेको १५२ महिला मध्ये १९ जना साक्षर र १३३ जना निरक्षर, वडा नं. ३ मा १९१ जना महिला मध्ये ४३ जना साक्षर र १४८ जना निरक्षर, वडा नं. ५ मा ४९ जना महिलाहरु मध्ये ११जना साक्षर र ३८ जना निरक्षर वडा नं. ६ मा ५४ जना मध्ये १२ जना साक्षर र ४२ जना निरक्षर, वडा नं. ७ मा ३९४ जना मध्ये ६१ जना साक्षर र ३३३ जना निरक्षर, वडा नं. ८ मा २४ जना महिला मध्ये २ जना साक्षर र २२ जना निरक्षर,वडा नं. ९ मा २५ जना महिला मध्ये ७ जना साक्षर र १८ जना निरक्षर रहेको अध्ययनबाट तथ्याङ्क पाइएको छ । प्रतिशतको हिसाबले सबै भन्दा बढी साक्षर भएको वडा नं. ९ हो र सबै भन्दा बढी निरक्षर भएको वडा नं. ८ देखिन्छ । सङ्ख्याको हिसाबले पुरुष भन्दा महिलाहरु ७०% भन्दा माथि निरक्षर रहेको डरलाग्दो आँकडा प्राप्त भएको छ । यसबाट देशको साक्षरता अवस्था जस्तै चेपाङहरुको साक्षरता अवस्थामा पनि महिलाभन्दा पुरुष केही बढी साक्षर भएको पाइएको छ । समग्रमा पुरुष ३६.७२% साक्षर र ६३.२७% निरक्षर तथा चेपाङ महिला १७.४३% साक्षर र निरक्षर ८२.४७% रहेको छ । यो तथ्याङ्कबाट चेपाङ समुदाय शैक्षिक रुपमा अत्यन्त पिछडिएको अवस्था रहेकोले साक्षरता वृद्धि गर्न सरोकारबाला सबैको ध्यान जानु जरुरी रहेको छ । हालसम्म पनि चेपाङ महिलाहरुले एस.एल.सी. उत्तीर्ण गरेको नभेटिएको, प्रा.वि.मा भर्ना भएका चेपाङ बालबालिकाहरु नि.मा.वि.मा मुस्किलले २०% ले मात्र पढिरहेको अध्ययनबाट पाइएको छ । मा.वि. र उच्च शिक्षामा ५% चेपाङ विद्यार्थीहरु अध्ययन गरिरहेको अध्ययनबाट पाइएको छ ।

## ५.३.३ विद्यालय र बस्तीबाट दूरी

शैक्षिक अवस्था र सामुदायिक पहुँच विषयमा सोध अनुसन्धान, अध्ययन, विश्लेषण गर्ने क्रममा चेपाङ बालबालिकाहरु विद्यालय किन जाँदैनन ? बस्ती र विद्यालयको दूरी कति छ ?, के कारण विद्यालय प्रवेश गर्ने दर घटेको हो ? वडा नं. १ र ४ मा चेपाङहरुको बसोबास नभएकोले बाँकी वडाहरु २,३,५,६,७,८,९ मा रहेका १५ वटा सामुदायिक विद्यालय, २ वटा बोर्डिङ र २ वटा बालविकास केन्द्रबाट बस्तीको दूरी तपसिल बमोजिम भएको पाइयो :

## तालिका नं. १०

## गा.वि.स.मा विद्यालय र वस्तीसङ्ग पहु“चको समय

| वडा नं. | बस्ती/टोल | विद्यालयको नाम | समय | कै. |
|---|---|---|---|---|
| २ | तल्लो मकरी | बाल जीवन ज्योति मा.वि. | ४५ मिनेट | |
| २ | माथिल्लो झुल्याण | बाल जीवन ज्योति मा.वि. | ४५ मिनेट | |
| २ | तल्लो झुल्याण | बाल जीवन ज्योति मा.वि | ४५ मिनेट | |
| २ | तल्लो पर्ता | बाल जीवन ज्योति मा.वि | ४५ मिनेट | |
| १ | चकरी | बाल जीवन ज्योति मा.वि | ४५ मिनेट | |
| १ | गोगनपानी | बाल जीवन ज्योति मा.वि | ६० मिनेट | |
| ३ | सिद्धकाली | प्रजा नि.मा.वि. | १५-२५ मिनेट | |
| ३ | डोठे | प्रजा नि.मा.वि. | ३० मिनेट | |
| ३ | सुकौरा | प्रजा नि.मा.वि. | ३० मिनेट | |
| ४ | च्यावल | प्रजा नि.मा.वि. | १५-२५ मिनेट | |
| ३ | घट्टेदमार | प्रजा नि.मा.वि. | ३०-४५ मिनेट | |
| २ | तल्लोमकरी | प्रजा नि.मा.वि. | ३०-४५ मिनेट | |
| ३ | पाल्दमार | प्रजा नि.मा.वि. | ३०-४५ मिनेट | |
| ५ | विक्रम पर्ता | नवजागृती प्रा.वि. | २०-३० मिनेट | |
| ५ | भुन्द्रुङ | नवजागृती प्रा.वि. | १०-२० मिनेट | |
| ५ | घिसिङ टोल | नवजागृती प्रा.वि. | २०-३० मिनेट | |
| ५ | माथिल्लो विक्रमपर्ता | नवजागृती प्रा.वि. | ३०-४५ मिनेट | |
| ५ | ढेडुवा खोला | नवजागृती प्रा.वि. | ३०-४५ मिनेट | |
| ६ | हाँडीखोला सिरान | नवजागृती प्रा.वि. | ३०-४५ मिनेट | |
| ६ | तल्लो लामिटार | श्री महेन्द्र ज्योति उच्च मा.वि. | ४५-६० मिनेट | |
| ६ | विच लामिटार | श्री महेन्द्र ज्योति उच्च मा.वि. | ३५-४५ मिनेट | |
| ६ | माथिल्लो लामिटार | श्री महेन्द्र ज्योति उच्च | २०-३० मिनेट | |

| | | | | |
|---|---|---|---|---|
| | | मा.वि. | | |
| ६ | सेब दह | श्री महेन्द्र ज्योति उच्च मा.वि. | ३०-४५ मिनेट | |
| ६ | कौगेडी | श्री महेन्द्र ज्योति उच्च मा.वि. | २०-३० मिनेट | |
| ६ | रातोमाटे | श्री महेन्द्र ज्योति उच्च मा.वि. | ३०-४५ मिनेट | |
| ६ | साझा टोल | श्री महेन्द्र ज्योति उच्च मा.वि. | १०-२० मिनेट | |
| ६ | मेलडाडा | श्री महेन्द्र ज्योति उच्च मा.वि. | ३०-४५ मिनेट | |
| ६ | कालिदमार | श्री महेन्द्र ज्योति उच्च मा.वि. | २०-३० मिनेट | |
| ५ | भुन्द्रुङ्ग | श्री महेन्द्र ज्योति उच्च मा.वि. | ३०-४५ मिनेट | |
| ५ | विक्रम पर्ता | श्री महेन्द्र ज्योति उच्च मा.वि. | ४५-६० मिनेट | |
| ५ | ढेडुवा खोला | श्री महेन्द्र ज्योति उच्च मा.वि. | २०-३० मिनेट | |
| ६ | हाँडीखोला | श्री महेन्द्र ज्योति उच्च मा.वि. | १०-२० मिनेट | |
| ६ | कालिखोला | श्री महेन्द्र ज्योति उच्च मा.वि. | ४५-६० मिनेट | |
| ६ | तल्लो लामिटार | नव ज्योति प्रा.वि. | २०-३० मिनेट | |
| ६ | विच लामिटार | नव ज्योति प्रा.वि. | १०-२० मिनेट | |
| ६ | माथिल्लो लामिटार | नव ज्योति प्रा.वि. | २०-३० मिनेट | |
| ६ | सेभ दह | नव ज्योति प्रा.वि. | १५-२५ मिनेट | |
| ७ | मसिने | पशुपतिनाथ मा.वि. | १५-२५ मिनेट | |

| | | | | |
|---|---|---|---|---|
| ७ | मेलडाडा | पशुपतिनाथ मा.वि. | १५-२५ मिनेट | |
| ७ | लामिटार | पशुपतिनाथ मा.वि. | २५-४५ मिनेट | |
| ७ | ट्वाङग्रा | पशुपतिनाथ मा.वि. | २०-३० मिनेट | |
| ७ | च्वारपाखा | पशुपतिनाथ मा.वि. | ६०-८० मिनेट | |
| ७ | अजिङगरे | पशुपतिनाथ मा.वि. | ८०-१०० मिनेट | |
| ७ | चिसापानी | पशुपतिनाथ मा.वि. | ७०-९० मिनेट | |
| ७ | लामपाखा | पशुपतिनाथ मा.वि. | ७०-९० मिनेट | |
| ७ | ज्यामिरे | पशुपतिनाथ मा.वि. | ७०-९० मिनेट | |
| ७ | मुलखोला | पशुपतिनाथ मा.वि. | ८०-९० मिनेट | |
| ७ | दक्षिण गौंडा | पशुपतिनाथ मा.वि. | १२०-१४० मिनेट | |
| ७ | मुसेधाप | पशुपतिनाथ मा.वि. | ६०-८० मिनेट | |
| ७ | सर्सीधाप | पशुपतिनाथ मा.वि. | ६०-८० मिनेट | |
| ७ | ज्यामिरे | सिर्जना प्रा.वि. | १५-३० मिनेट | |
| ७ | मुलखोला | सिर्जना प्रा.वि. | ३०-४५ मिनेट | |
| ७ | दक्षिण गौडा | सिर्जना प्रा.वि. | ६०-९० मिनेट | |
| ७ | च्वारपाखा | सिर्जना प्रा.वि. | ३०-४५ मिनेट | |
| ७ | लामपाखा | सिर्जना प्रा.वि. | ४५-६० मिनेट | |
| ७ | चिसापानी | सिर्जना प्रा.वि. | ६०-८० मिनेट | |
| ७ | अजिङगरे | सिर्जना प्रा.वि. | ८०-१०० मिनेट | |
| ७ | सर्सिधाप | सिर्जना प्रा.वि. | ६०-८० मिनेट | |
| ७ | चिसापानी | चेपाङ प्रा.वि. | १०-३० मिनेट | |
| ७ | अजिङगरे | चेपाङ प्रा.वि. | ४५-६० मिनेट | |
| ७ | मुसेधाप | चेपाङ प्रा.वि. | ४५-६० मिनेट | |
| ७ | लामपाखा | चेपाङ प्रा.वि. | ३०-४५ मिनेट | |
| ७ | च्वारपाखा | चेपाङ प्रा.वि. | ४५-६० मिनेट | |
| ७ | मुलखोला | चेपाङ प्रा.वि. | ६०-८० मिनेट | |
| ८ | रुन्चेडाडा | मदन आश्रित प्रा.वि. | १५-३० मिनेट | |

| | | | | |
|---|---|---|---|---|
| ८ | श्रीदमार | मदन आश्रित प्रा.वि. | ४५-६० मिनेट | |
| ८ | माथिल्लो दमार | मदन आश्रित प्रा.वि. | ३०-४५ मिनेट | |
| ८ | दरदरा | मदन आश्रित प्रा.वि. | ४५-६० मिनेट | |
| ८ | रुन्चेडाडा सिरान | मदन आश्रित प्रा.वि. | ३०-४५ मिनेट | |
| ८ | बसन्तपुर | मदन आश्रित प्रा.वि. | ३०-४५ मिनेट | |
| ८ | पहिरो डाडा | मदन आश्रित प्रा.वि. | २०-३० मिनेट | |
| ८ | बसन्तपुर | भोजसिद्ध मा.वि. | २०-३० मिनेट | |
| ८ | रुन्चेडाडा | भोजसिद्ध मा.वि. | ४५-६० मिनेट | |
| ८ | दरदरा | भोजसिद्ध मा.वि. | ४५-६० मिनेट | |
| ९ | डिल्लीपुर | भोजसिद्ध मा.वि. | ३०-४५ मिनेट | |
| ९ | चिसापानी | भोजसिद्ध मा.वि. | ४५-६० मिनेट | |
| ९ | डण्डीवारी | भोजसिद्ध मा.वि. | ६०-८० मिनेट | |
| ९ | दमार | भोजसिद्ध मा.वि. | ८०-१०० मिनेट | |
| ८ | रुन्चेडाडा सिरान | भोजसिद्ध मा.वि. | ६०-८० मिनेट | |
| ८ | बसन्तपुर सिरान | भोजसिद्ध मा.वि. | ६०-८० मिनेट | |
| ८ | पैरो डाडा | भोजसिद्ध मा.वि. | ६०-८० मिनेट | |
| ९ | डिल्लीपुर सिरान | भोजसिद्ध मा.वि. | ८०-१०० मिनेट | |
| ८ | राई टोल | भोजसिद्ध मा.वि. | १५-३० मिनेट | |
| ८ | मन्दिर टोल | भोजसिद्ध मा.वि. | ४५-६० मिनेट | |
| ९ | राप्तीटोल | भोजसिद्ध मा.वि. | ४५-६० मिनेट | |
| ९ | वारी दमार | भोजसिद्ध मा.वि. | ४५-६० मिनेट | |
| ९ | सिरान टोल | भोजसिद्ध मा.वि. | ४५-६० मिनेट | |
| ९ | चिसापानी | जनचेतना प्रा.वि. | ३०-४५ मिनेट | |
| ९ | सिरानटोल | जनचेतना प्रा.वि. | ३०-४५ मिनेट | |
| ९ | दमार | जनचेतना प्रा.वि. | ३०-४५ मिनेट | |
| ९ | डिल्लीपुर | जनचेतना प्रा.वि. | ३०-४५ मिनेट | |
| ९ | डण्डीवारी | जनचेतना प्रा.वि. | ३०-४५ मिनेट | |

| | | | | |
|---|---|---|---|---|
| ९ | राप्तीटोल | जनचेतना प्रा.वि. | ३०-४५ मिनेट | |
| ९ | वारीदमार | जनचेतना प्रा.वि. | ३०-४५ मिनेट | |

(स्रोत : स्थलगत अध्ययन)

हाँडीखोला गा.वि.सको वडा नं. २,३,५,६,७,८,९ मा रहेका चेपाङहरुको बसोबास भएको बस्तीटोलबाट विद्यालयसम्म आउनको लागि लाग्ने समय १० मिनेटदेखि २ घन्टासम्म लाग्ने अध्ययनबाट प्रष्ट भएको छ । सबै भन्दा विकट बस्तीहरु गोगनपानी, चिसापानी, अजिङगरे, लामपाखा, च्वारपाखा, सर्सिधाप, मुलखोला, ज्यामिरे, डिल्लीपुर सिरान, दमारमा बसोबास गर्ने चेपाङ बालवालिकाहरुलाई विद्यालय आउन जानको लागि वढि समय लाग्ने तथा दूरी लामा भएको पाइएको छ । ती बस्तीहरु विकट डाँडा, पाखा, भिरालो, खोल्सा, जस्ता अफ्ठेरो स्थानहरुमा रहेको छ । जसबाट चेपाङ बालवालिहरुलाई विद्यालय आउनको लागि वर्षा, भेल, बाढि, जङ्गल, एकान्त र अफ्ठेरो बाटो तथा लामो दूरीको कारणले नीयमित र निरन्तर विद्यालय आउन जान समस्या परेको देखिन्छ । वडा नं. ७ मा रहेका चेपाङहरुको सबै भन्दा बढी विद्यालयसम्मको दूरी बढी भएको समय धेरै लाग्ने विपन्न, गरिब, सुकुम्बासी, समस्या ग्रस्त स्थानहरुमा बसोबास भएको कारणबाट विद्यालयसम्मको पहुँच नपुगेको अध्ययनबाट देखिएको छ ।

## ५.४ सांस्कृतिक अवस्था

### ५.४.१ पोसाक, भेषभुषा

चेपाङहरु दौरा, सुरुवाल, कछाड, लँगौटी, पुरुषहरुले र महिलाहरुले गुन्यु, चोली, पेटीकोट, लुङ्गी लगाउँदछन् । युवा युवतीहरु सर्ट, पाइन्ट, टि-सर्ट, कुर्ता सुरुबाल लगाउदछन् ।

### ५.४.२ भाषा

चेपाङहरुको भाषा सम्बन्धी अध्ययन गर्ने क्रममा अधिकांश चेपाङहरुले नेपाली भाषा नै प्रयोग गरेको पाइएको छ । चेपाङको बालबालिकाहरु आफ्नो मातृभाषा नजानेका धेरै सङ्ख्यामा रहेको देखिएको छ । वडामा रहेका चेपाङहरुको मातृभाषा बोल्नेहरुको विवरण निम्न तालिकाबाट प्रस्ट पारिएको छ :

**तालिका नं. ११**

**मातृभाषाको आधारमा चेपाङको जनसङ्ख्या वितरण**

| वडा नं. | जम्मा जनसङ्ख्या | मातृभाषा बोल्ने | प्रतिशत |
|---|---|---|---|
| १ | ० | ० | ० |
| २ | ३१३ | ५९ | १८.८४ |
| ३ | ४०० | ८४ | २१ |
| ४ | ० | ० | ०० |
| ५ | ९१ | २८ | ३०.७६ |
| ६ | ११३ | ३५ | ३०.९७ |
| ७ | ८३५ | ३१३ | ३७.४८ |
| ८ | ३९ | १६ | ४१.०२ |
| ९ | ६२ | १७ | २७.४१ |
| जम्मा | १८५३ | ५५२ | २९.७८ |

(स्रोत : स्थलगत अध्ययन)

कुल १८५३ चेपाङहरु मध्ये ५५२ जनाले आफ्नो मातृभाषा जान्ने तथा अन्य १३०१ जनाले नेपाली भाषा बोल्ने गरेको अध्ययनबाट प्रस्ट भएको छ । विद्यालय, सङ्घसंस्था, छरछिमेक, बजार लगायत सबै सार्वजनिक स्थलहरुमा नेपाली भाषाको प्रयोग धेरै भएको कारणले चेपाङ भाषा बोल्ने कम भएको पाइयो । चेपाङ भाषाको प्रयोग आफ्नो घरभन्दा बाहिर नहुने भएकोले चेपाङ भाषा बोल्नेहरु २९.७८% मात्र रहेको छ । जनसङ्ख्याको हिसाबले सबै भन्दा चेपाङ भाषा बोल्ने वडाहरु क्रमशः ८, ७, ६, ५, ९, ३ र २ रहेको छ ।

## ५.४.३ चाडपर्व

हाँडीखोला गा.वि.स.को २८९ घरधुरीको १८५३ चेपाङ समुदायले अन्य नेपालीहरुले जस्तै दसै,तिहार, तिजलाई प्रमुख चार्डको रुपमा मान्ने गर्दछन् । चेपाङहरु दसैमा खसी, रागो, भैँसी, कुखुरा काटेर खाने, नयाँ लुगा लगाउने, मान्यजनहरुबाट टिका थाप्ने, जाँड, रक्सी सेवन गर्ने, जुवा, तास खेलेर दसैँ मनाउने गर्दछन् । तिहारमा देउसी, भैलो खेल्ने, पिङ खेल्ने, सेलरोटी पकाएर खाने र दिदी बहिनीले दाजुभाइलाई भाइटीका लगाइदिने गरेर मनाउने गर्दछन् । अन्य माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, चैते दसैं, फागु पूर्णिमा, एकादशी, शिवरात्री जस्ता साना चाडहरु पनि मनाउने गर्दछन् । गोर्खा, धादिङ, चितवन र मकवानपुरको अन्य गा.वि.स.का चेपाङहरुले जस्तो आफ्नै विशेष चाड, च्वनाम हाँडीखोलाका चेपाङहरुले त्यति महत्त्व दिएर मनाइएको पाइएन । नयाँ बाली भित्र्याइएको उपलक्ष्यमा भाद्र शुक्ल पूर्णिमाका दिन कसैले आफ्नै घरमा, कसैले स्थानीय पुरोहित

पाण्डेको घरमा कतिले संयुक्त एकै ठाउँमा जम्मा भेला भएर पाकेको अन्न, फलफूल, जाँड, रक्सी खाएर चाड मनाउने गरेको वडा नं. ७ का आनन्द चेपाङ बताउँदछन् झाँक्रीहरुले रातभिर ढ्याङ्ग्रो ठोकेर बजाएर पितृहरुलाई अन्न, भोजन गराउने मान्यता तान्त्रिक विधि मान्यताबाट सम्पन्न गर्दछन् । चेपाङहरुमा सबै जातजातिका चाडहरुलाई धेरै, थोरै मान्ने सम्मान गर्ने र कतिपय चाडहरुमा फजुल खर्च गर्ने गर्दछन् ।

## ५.४.४ विवाह संस्कार

मानव समाजमा विवाह महत्त्वपूर्ण परम्परा संस्कार हो । जीवनमा खुसी हुने दिन, अवस्था विवाह नै भएकोले सबै जातजातिको जस्तै चेपाङहरुले पनि विवाहलाई मुख्य संस्कारको रुपमा लिएका छन् । सामाजिक बन्धनको रुपमा लिइने विवाह, २ परिचित वा अपरिचित पुरुष, स्त्रीबिच हुने आजीवन मिलन भएको कारणले चेपाङ जातिमा पनि अन्य जातिमा जस्तै विविध प्रकारको विवाहको परम्परा संस्कार रहेको पाइन्छ ।

(क) **मागी विवाह :** केटा पक्षबाट रक्सीको पुङ, सगुन (मासुको प्रकार) सहित केटीको घरमा प्रस्ताव लगेर माग्न जाने प्रथालाई मागी विवाह भनिन्छ । तिन च्योटि रक्सीको पुङ, सगुन ख्वाउने, सेलरोटी, जाड, दहीको ठेकी, कुखुराको भाले, सागको मुठा लाने आफन्त सबैले खुट्टा धुने, दुलाहाले दुलहीलाई आवश्यक शृङ्गारपटार, कपडा, गर गहना लाने मुख हेर्ने संस्कार मानेर मागी विवाह गर्ने गर्दछन् । सबै बढी प्रचलनमा रहेको मागी विवाहले उच्च स्थान ओगटेको छ । चेपाङहरुमा बाल विवाह गर्ने प्रचलन कायम नै रहेको पाइएको छ । चेपाङहरुको विवाहमा चिउरीको बोट दाइजो दिने परम्परागत चलन हाल हराउदै गएको अध्ययनबाट पाइएको छ ।

(ख) **जारी विवाह :** अर्काको श्रीमती, विवाहित छोरीचेली, भगाएर, चोरेर, फकाएर, आफ्नो श्रीमती बनाउने र पुरानो लोग्ने जारलाई जरिवाना तिरी गरिने संस्कार विवाहलाई जारी विवाह भनिन्छ । अन्य जातिमा यो संस्कार हराउँदै गए तापनि चेपाङ जातिमा कतै कहीँ कायम रहेको पाइन्छ । पुरानो लोग्नेले विवाहमा गरेको खर्च लगानीको मूल्य तिर्ने भएकोले जारी विवाह भनिएको हो । दाजु मरेमा भाउजूलाई देवरले राख्ने परिपाटी पनि रहेको छ । पटक-पटक एउटै व्यक्तिले विवाह गर्ने छोड्ने चलन पनि पाइन्छ । जारी विवाह हाल लोप हुने अवस्थामा रहेको छ ।

(ग) **बहुविवाह, अनमेल विवाह, बाल विवाह :** हाँडीखोला गा.वि.स.को वडा नं. १ देखि ९ सम्मका चेपाङ समुदायहरुको घरदैलोमा गई अध्ययन गर्दा २८९ घर धुरी मध्ये २१ जनाले बहुविवाह गरेको पाइयो । १ पुरुष व्यक्तिले २ वा २ भन्दा बढी स्त्रीलाई श्रीमती बनाई विवाह गर्नलाई बहुविवाह भनिन्छ । बहुविवाह गर्ने चेपाङहरुले एउटै दिदी बहिनीलाई श्रीमती बनाएको धेरै पाइएको छ । बहुविवाहलाई उनीहरु सामान्य रुपमा लिने गर्दछन् । हालको नयाँ पिढीँमा बहुविवाह गर्नेहरु कम हुँदै गएको पाइन्छ । श्रीमान् र श्रीमतीको बिचमा उमेर, शिक्षा, आर्थिक हैसियत, जस्ता विषयमा धेरै फरक भई सम्बन्ध गाँसेको विवाहलाई अनमेल विवाह भनिन्छ । श्रीमान् र श्रीमतीका बिचमा १०-२५ वर्षसम्म उमेरको फरक भएको अध्ययनबाट पाइयो । अनमेल विवाह गर्ने प्रचलन पनि घट्दै गइरहेको छ । उमेर नपुगीकन, १८ वर्षभन्दा मुनि र यौन अङ्ग प्रणालीहरु अपरिपक्व अवस्थामा सम्बन्ध गाँस्नु नै बाल विवाह हो । चेपाङ समुदायमा सबैभन्दा बढी प्रचलनमा रहेको विवाह बालविवाह हो । अध्ययनको क्रममा करीव ५५% व्यक्तिहरुले १२-१६ वर्षको बिचमा विवाह गरेको अध्ययनबाट देखियो । हाल यो प्रचलन कायम मै रहेको छ ।

(घ) **विधवा विवाह/एकल विवाह :-** सबै नेपाली समाजमा विधवा एकल विवाहलाई सम्मानको दृष्टिले नहेरे पनि चेपाङ समुदायमा विधवा विवाहलाई सामान्य रुपमा लिई मान्यता दिने गर्दछन् । श्रीमान्को निधन भएको महिलालाई विधवा एकल महिला भनिन्छ । कतिपय चेपाङहरुले विधवा महिलाहरुलाई विवाह गरी छोरा/छोरीहरुलाई समेत आफैले लगि पालन पोषण गर्ने गरेका छन् । दाजुको मृत्यु पश्चात कतिपय भाइहरुले भाउजु विवाह गरी घरजम गरिरहेको पनि पाइन्छ । हाँडीखोला गा.वि.स. विधवा विवाहलाई चेपाङ समुदायहरुले सहर्ष स्वीकार गरी संस्कृतिको रुपमा नै लिन खोजिरहेका छन् ।

(ङ) **प्रेम विवाह/भागी विवाह :-** अन्य स्थानको चेपाङहरु जस्तै हाँडीखोला गा.वि.स. का चेपाङहरुले अशिक्षा, विपन्नता, चेतनाको कमी आदि कारणले सानै उमेरमा एक आपसमा माया प्रेम गरी विवाह गर्ने गरेका छन् । कतिपयले पहिला प्रेम गरी बाबु आमाको राजी खुसीमा विवाह गर्ने गरेको पाइन्छ भने धेरै जसोले बाबुआमाको राजी खुसीबिना भागेर विवाह गरेको पाइन्छ । अभिभावकको स्वीकृतिबिना गरिने विवाहलाई

भागी विवाह भनिन्छ भने केटा केटी बिचमा सम्बन्ध नजिक भई माया प्रेम बढी हुने विवाहलाई प्रेम विवाह भनिन्छ । अन्य विवाहभन्दा प्रेम विवाह र भागी विवाह बढी रहेको तथ्याङ्कबाट प्रष्ट हुन्छ ।

## ५.५ जन्म, मृत्यु संस्कार

चेपाङ जातिमा छोरा र छोरीको भेदभाव कमै रहेको पाइन्छ । छोरा जन्मेमा राज्य चलाउने र छोरी जन्मेमा पेटभरि जाँड, रक्सी, मासु खाई रमाइलो गर्न पाइने हो भन्ने मान्यता राखी खुसी हुने गर्दछन् । बच्चा जन्मेको ९ दिनमा न्वारन गर्दछन् भने कसैले छोराको बाह्र दिनमा र छोरीको ७ दिनमा न्वारन (चोख्याउने) गर्दछन् । झाँक्रीले गर्ने न्वारन कर्ममा आइतबार जन्मने आइते, सोमबार जन्मनेलाई सोमे, मङ्गलबार जन्मेनेलाई मङ्गले, बुधबार जन्मनेलाई बुधे, शुक्रबार जन्मनेलाई सुक्रे नाम राख्ने चलन छ । आवश्यकता अनुसार बच्चालाई खोप लगाउनु पर्नेमा ध्यान नदिएको अवस्था यद्यपि कायम रहेको छ । बिरामी भएमा धामी झाँक्रीको विश्वास गर्ने प्रचलन अत्यधिक रहको पाइन्छ । छोरा वा छोरी जे जन्मे पनि मिठो परिकार खाएर रमाउने गर्दछन् । हाल चेपाङहरुमा पनि जन्मदिन, पास्नी र गुन्यु चोलो लगाउने विधिहरु चलाउन थालेको पाइन्छ ।

चेपाङहरुको मृत्यु भएमा महङ्खवपूर्ण संस्कारको लिने गरिन्छ । कसैले लासलाई खोलामा लगेर चिता बनाई जलाउँदछन् भने कसैले डाँडा जङ्गलमा लगेर खाडल खनी लासलाई गाड्ने चलन रहेको छ । मलामी आइमाई नजाने तथा मलामीहरुलाई सुँगुर, बङ्गुर, खसी, कुखुरा काटेर भोज ख्वाउने चलन छ । १३ दिनमा जुठो चोख्याउने चलन रहेको छ । यो विधि झाँक्रीद्वारा सम्पन्न गर्ने गर्दछन् ।

## ५.६ आर्थिक अवस्था

### ५.६.१ पेसा

हाँडीखोला गा.वि.स.का २८९ घरधुरीका १८५३ चेपाङहरुमा गरेको स्थलगत अध्ययन, सर्वेक्षणबाट समग्र पेसाको अवस्था विश्लेषण गर्दा वडा नं. २ मा ५ जना पुरुष सरकारी नोकरीमा, ३ जना निजी सङ्घ संस्थामा, ४ जना कलकारखानामा विभिन्न पेसा गरिरहेको पाइएको छ । वडा नं. ३ मा ३ जना सरकारी, ५ जना सङ्घ सस्थामा र ३ जना निजी कम्पनीहरुमा, वडा नं. ७ मा ३ जना सरकारी, ९ जना पुरुषहरु गैर सरकारी सङ्घ संस्थाहरु र निजी कम्पनीहरुमा कार्यरत भएको पाइएको छ । वडा नं. ८ मा २ जना र वडा

नं. ९ मा २ जना, वडा नं. ५ मा ४ जना, वडा नं. ६ मा ६ जना चेपाङहरु विभिन्न स्थानहरुमा होटल, लज, कारखाना, गलैचा, सानातिना घरेलु उद्योगहरुमा कार्यरत रहेको पाइएको छ । वडा नं. २,३,५,६,७,८ र ९ मा गरी १३ जना चेपाङ जाति सवारी चालकको पेसा अपनाइरहेको पाइएको छ । २७ जना चेपाङहरु डोका, नाम्लो, दाम्लो, कोक्रो लगायत चोयाबाट बन्ने सामानहरु निर्माण गरी बिक्री पश्चात जीवन निर्वाह गरेको पाइएको छ । ४ जनाले काठ चिर्ने, ७ जना वैदेशिक रोजगारीमा गएको, १७ जनाले सिकर्मी, डकर्मीको काम गरेको पाइएको छ । २ जना शिक्षक भई कार्यरत भएको अध्ययनबाट देखिएको छ ।

### ५.६.२ खेतीपातीको अवस्था

अधिकांश चेपाङहरु खेतीपातीमा नै निर्भर भएको स्थलगत अध्ययनबाट पाइएको हुनाले वर्ष दिन खान पुग्ने, ६ महिना खान पुग्ने, ९ महिना खान पुग्ने, ३ महिना खान पुग्ने र ज्याला गरी खान पर्ने घर परिवारहरु निम्न तालिकाबाट प्रस्ट भएको छ ।

**तालिका नं. १२**

**खेतीपातीबाट खान पुग्ने अवधिको आधारमा घरधुरीको वितरण**

| वर्ष दिन खान पुग्ने | ६ महिना खान पुग्ने | ३ महिना खान पुग्ने | ज्याला गरी खाने |
|---|---|---|---|
| **द्वघ ३रधुरी** | **ज्ञज्ञण ३रधुरी** | **ज्ञज्ञढ ३रधुरी** | **ज्ञठ ३रधुरी** |

(स्रोत : हाँडीखोला खोला गाविस, २०६७)

ऐलानी, सार्वजनिक जग्गा कमाउनेहरु धेरै रहेको चेपाङहरुमा ४५ घरपरिवारको मात्रै आफ्नो नाममा जग्गा, जमिन रहेको छ । ४३ घरपरिवार तथा ५.८% चेपाङ वर्ष दिन खान पुग्ने ११० घरपरिवार तथा ३८.०६% चेपाङ ६ महिना मात्र खान पुग्ने, ११९ घरपरिवार तथा ४१.१७% चेपाङहरुले ३ महिना मात्रै खान पुग्ने अवस्थाका रहेका छन् भने १७ घरधुरी तथा ५.८८% चेपाङ वर्ष भिर ज्याला गरी जीवन निर्वाह गर्ने गर्दछन् । वर्ष दिन खान नपुग्नेहरु पनि ज्याला नै गरेर बाँकी, महिना गुजार्ने गर्दछन् ।

## ५.७ धार्मिक अवस्था

२०५८ सालको राष्ट्रिय जनगणनामा करिब ९५% चेपाङहरुले हिन्दु धर्म मान्ने गरेको प्रतिवेदन थियो भने हाल यो अवस्था उल्टिएको छ । ४ वटै जिल्ला लगायत अन्य जिल्लामा बस्ने चेपाङहरुमा हिन्दु धर्मप्रतिको आस्था घट्दै गएको तलको तालिकाबाट प्रस्ट हुन्छ । धार्मिक, अतिक्रमण, गरिबी, विपन्नता, अन्धविश्वास, करकाप, शोषण आदिको कारणले प्रलोभनमा परी धर्म परिवर्तन गर्ने क्रम बढिरहेको छ ।

**तालिका नं. १३**

**धर्मको आधारमा उत्तरदाताको वितरण**

| हिन्दु धर्म | क्रिस्चियन धर्म | प्राकृतिक धर्म | बौद्ध धर्म |
|---|---|---|---|
| **ज्ञछण ३रधुरी** | **ज्ञघण ३रधुरी** | **ट ३रधुरी** | **घ ३रधुरी** |
| **ढडठ जना** | **डछण जना** | **ठ जना** | **ढ जना** |

(स्रोत : स्थलगत अध्ययन,२०६८)

चेपाङहरुमा आएको परिवर्तन, तालिम, चेतना, सशक्तीकरणको कारणले केही अगुवा चेपाङहरुले प्राकृतिक धर्म नै चेपाङ धर्म हो भनेर ओकालत गर्न थालेका छन् । प्रकृतिको पूजा गर्ने, प्रकृतिलाई मान्ने,सम्मान गर्ने धर्म नै प्राकृतिक धर्म हो । क्रिस्चियन धर्मप्रति आस्था बढ्दै गइरहेको अवस्थामा चेपाङहरुको मूल धर्म हिन्दु, क्रिस्चिन, बौद्ध नभै प्राकृतिक धर्म नै हो भनेर वडा ३ का खेम चेपाङ बताउँदछन् ।

## ५.८ विविध

## ५.८.१ घरमुली

अध्ययनको क्रममा उत्तरदाताको जात, लिङ्ग, धर्म, भाषा र परिवारको अवस्थालाई अन्तर्वार्ता अनुसूची तथा अवलोकनबाट प्राप्त तथ्याङ्कको आधारमा सबै पक्ष केलाउने प्रयास गरिएको छ । पितृसतात्मक मुलुकमा चेपाङहरुको अवस्था, महिला, पुरुषको भूमिका गतिविधि, तलको तालिकाबाट प्रस्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका नं. १४**

**घरधुरी र लिङ्गको आधारमा उत्तरदाताको वितरण**

| लिङ्ग | घरसङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| **महिला** | **ज्ञघण** | **द्धद्ध.ढड** | |
| **पुरुष** | **ज्ञछढ** | **छछ.ण्द** | |
| **जम्मा** | **द्डढ** | **ज्ञण्ण** | |

(स्रोत : स्थलगत अध्ययन,२०६८)

२८९ घरधुरी चेपाङ मध्ये १३० घरपरिवारमा महिलाहरुले अभिभावकको अर्थात् घरमुलीको भूमिका निर्वाह गरिरहेको तथा पुरुषहरु सहयोगी भएको पाइयो र १५९ घरपरिवारमा पुरुषको भूमिका मुख्य र महिलाको भूमिका सहयोगी रहेको पाइएको छ र

आवश्यकतानुसार महिला र पुरुष दुबै मिली घर व्यवहार चलाइरहेको अवस्था पनि रहेको छ । अन्य जातिमा भन्दा चेपाङ समुदायमा महिलाहरको अवस्था पारिवारीक हैसियत सन्तोषजनक रहेको पाइन्छ ।

## ५.८.२ परिवारको प्रकार

चेपाङहरुमा एकल र संयुक्त परिवारमा तथा केही घरपरिवार बृहत् सहभागिताबाट बसोबास भएको अध्ययनबाट पाइएको छ । निम्न तालिकाबाट परिवारको अवस्था प्रस्ट हुन्छ ।

**तालिका नं. १५**

**परिवारको प्रकारको आधारमा उत्तरदाताको वितरण**

| परिवारको किसिम | घरसङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| **संयुक्त** | **घज्ञ** | **ज्ञण.ठद्द** | |
| **एकल** | **द्दद्धढ** | **डट.ज्ञछ** | |
| **बृहत्** | **ढ** | **घ.ज्ञघ** | |
| **जम्मा** | **द्दडढ** | **ज्ञण्ण** | |

(स्रोत : स्थलगत अध्ययन,२०६८)

२८९ घरपरिवार मध्ये ३१ घरपरिवार संयुक्त, २४९ घरपरिवार एकल र ९ घरपरिवार वृहत परिवारमा बसेको अध्ययनबाट पाइएको छ । अन्य जातिमा जस्तै चेपाङ जातिमा पनि एकल परिवारमा बसोबास गर्ने बढी भएको पाइएको छ । आर्थिक अवस्था, स्वार्थीपन, बेमेल आदिको कारणले एकल परिवारमा बसोबास गर्न रुचाउने वडा नं. ९ का सोम चेपाङ बताउदछन् । बृहत् परिवारमा बसोबास गर्नेहरु अन्य जातिमा नभएको अवस्थामा हाँडीखोलाको चेपाङ जातिमा ९ घरपरिवार वृहतरुपमा बसोबास गरेको पाइएको छ ।

## ५.८.३ सञ्चार साधन

कुनै पनि व्यक्ति सूचना र सञ्चारबाट टाढा रहन सक्दैन समाज, राष्ट्र, समुदाय, परिवार, आफन्त, इष्ट, मित्र सबैलाई सञ्चारको आवश्यकता रहन्छ । हाँडीखोला गा.वि.स.का चेपाङहरुले प्रयोग गर्ने सञ्चारका साधनहरु तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १६**

**सञ्चार साधन आयोगको आधारमा जनसङ्ख्याको वितरण**

| वडा नं. | जम्मा जनसङ्ख्या | घडि, रेडियो,क्यासेट प्रयोग गर्ने सङ्ख्या | टेलिफोन, मोबाइल प्रयोग गर्ने सङ्ख्या |
|---|---|---|---|
| **ज्ञ** | **ण** | **ण** | **ण** |
| **द्द** | **घज्ञघ** | **घज्ञ** | **द्दट** |
| **घ** | **द्धण्ण** | **द्धट** | **द्धठ** |
| **द्ध** | **ण** | **ण** | **ण** |
| **छ** | **ढज्ञ** | **ज्ञट** | **ज्ञघ** |
| **ट** | **ज्ञज्ञघ** | **ढ** | **ज्ञद्ध** |
| **ठ** | **डघछ** | **द्धज्ञ** | **द्दछ** |
| **ड** | **घढ** | **घ** | **ट** |
| **ढ** | **टद्द** | **छ** | **ड** |
| **जम्मा** | **ज्ञडछघ** | **ज्ञछज्ञ** | **ज्ञघढ** |

(स्रोत : स्थलगत अध्ययन,२०६८)

वर्तमान सूचना सञ्चारको युगमा चेपाङहरु पनि अवसर, सुविधा लिनको लागि लालायित देखिन्छन् । विपन्नता र गरिबीको बावजुद पनि हातमा घडी, घरमा रेडियो क्यासेट र मोबाइल प्रयोग गर्नेहरु दिन प्रतिदिन बढीरहेको छ । वडा नं. २,३,५,६,७ का चेपाङहरु बढी मात्रामा मोबाइल प्रयोग गर्ने गर्दछन् । वृद्धहरु मोबाइल भन्दा रेडियो क्यासेट, घडी प्रयोग गर्न रुचाउँदछन् भने युवाहरु मोबाइल प्रयोग गर्न तल्लीन रहन्छन् । हाँसो खुसी, दुःख, पीडा आवश्यकतामा आफन्त साथीभाइहरुसँग सम्पर्क र सूचनाको लागि मोबाइल नै प्रयोग गर्ने गरेको पाइन्छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश

शिक्षा पनि समाज कै एक अङ्ग हो, शिक्षा विना सामाजिक संरचना अपुरो, अधुरो हुन्छ । सामाजिक क्षेत्र, अर्न्तगत आर्थिक, शैक्षिक, सांस्कृतिक पक्षहरु पर्दछन् । नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भूपरिवेष्ठित देश भएको हुनाले यस देशमा विभिन्न प्रकारका भाषा, धर्म र सांस्कृतिक विविधता भएका मानिसहरू बसोबास गर्दछन् । सबै जातजातिको साझा फुलबारी नेपालमा विविध आदिबासी, जनजाति मध्येका चेपाङहरू महाभारत पर्वतीय भिर पाखो, पखेरा आदिमा रहँदै आएका छन् । यी समुदायका मानिसहरूको आफ्नै किसिमको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक र शैक्षिक विशेषताहरू छन् । यसमा चेपाङ जातिको शैक्षिक अवस्थाको बारेमा अध्ययन गर्ने जमर्को गरिएको छ ।

प्रस्तुत चेपाङ जातिको शैक्षिक अवस्थाको अध्ययन, हाँडीखोला गाविस वडा नं. ७ को चेपाङहरूको एक अध्ययन नामक शोधकार्यमा नेपाल आदिबासी समुदाय चेपाङहरूको अत्यन्त कमजोर शैक्षिक अवस्था र त्यसैको परिणामस्वरूप यस समुदायका मानिसहरू सामाजिक सांस्कृतिक एवं आर्थिक उन्नतीको न्यूनतम आधारभूत आवश्यकतामा सधै सङ्घर्षरत देखिन्छ । गाँस, बाँस, कपास जस्ता न्यूनतम आधारभूत आवश्यकता सधै सङ्घर्षरत देखिन्छ । नेपालका अन्य जाति र समुदायका मानिसहरू भन्दा यो समुदायका मानिसहरूको शैक्षिक पक्ष तुलनात्मक रूपमा कमजोर नै देखिन्छ । चेपाङहरूको बसोबास चितवनको उत्तरपट्टि पहाडी क्षेत्र, मकवानपुरको पश्चिमी पहाडी क्षेत्र, धादिङ र गोरखाको दक्षिणी क्षेत्र अन्तर्गतको महाभारत पर्वतीय खण्डका पाखा पखेरामा पाइन्छ । यी आदिबासी र जनजातिहरूको लागि विकास र राहतका केही कार्यक्रमहरू कार्यान्वयन भए तापनि त्यतिको प्रगति देखिएको छैन । यस्तो हुनुको कारण निरिक्षण र सुपरिवेक्षण्को कमी हुनु हो ? अतः यस पिछडिएका चेपाङ समुदायको अनुसन्धानमा प्रस्तुत शोधकार्यको केही सहयोग पुऱ्याउने आशा राखिएको छ ।

नेपाल सामाजिक जातिवादी संरचनामा चेपाङ जातिको प्रवाहमा यस जातिको शैक्षिक स्थितिलाई अध्ययन गर्नु प्रमुख आवश्यकता यस अर्थमा हुन्छ कि समग्र विकास चेतनाको विकास वा बुझाइमा निर्भर गर्दछ अर्थामत समग्र विकास यस जातिको शैक्षिक अवस्थामा भर पर्दछ । शिक्षा समग्र विकासको मेरूदण्ड हो । शैक्षिक अवस्थाको अध्ययन गर्दा यी जातिको बासस्थान रहनसहन, सामाजिक, आर्थिक, राजनैतिक र आर्थिक अवस्थाको मूल्याङ्कन गर्नु पनि जरूरी हुन्छ किनभने यी समग्र पक्षसँग प्रत्यक्ष वा परोक्षरूपमा शैक्षिक अवस्था जोडिएको हुन्छ चेपाङ जातिको अध्ययन गर्दा गरिने अध्ययन विधि अनुसार उद्देश्यात्मक नमुना विधि अन्तर्गत अध्ययनको लागि मकवानपुर जिल्लाको हाँडीखोला गाविस वडा नं. ७ छनोट गरिएको छ। यस अध्ययन क्षेत्रमा विभिन्न जातिको बसोबास भए तापनि शोध कर्ताको चेपाङ जातिलाई नै छनोट गरिएको छ । किन भने यो जाति अन्य जातिभन्दा पिछडिएको र गरिबीले पिल्सिएको जाति हो । यस अध्ययनमा प्रस्तुत तथ्याङ्कहरू प्राथमिक र द्वितीय स्रोत अन्तर्गत सङ्कलन गरिएको छन् । यहाँ प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्दा अन्तरवार्ता, अवलोकन, समूहगत छलफल र मुख्य जानकार व्यक्तिहरूबाट अपनाई प्रश्न सोधी तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई व्याख्या, विश्लेषण गरी तथ्याङ्क र बोधगम्य बनाउने प्रयास गरिएको छ । यस अध्ययनमा अध्ययन क्षेत्रमा बसोबास गर्ने चेपाङ जातिको अध्ययन, अनुसन्धानात्मक, अन्वेषणात्मक तथा वर्णात्मक अनुसन्धान रचना अनुसार यहाँ चेपाङ जातिको शैक्षिक अवस्थाको बारेमा अध्ययन गरिएको छ।

यिनीहरू, भिर, पाखा, पखेरामा बसोबास गरेको कारण अझै आधुनिकताको प्रभाव नभई पुरानो रूढीवादी, अन्धविश्वासमा विश्वास गर्दछन् । चेतनाको स्तर कमीले गर्दा कुनै परिवारका सदस्य बिरामी भएमा भूतप्रेत लागेको वा देवता रिसाएको भनेर झाँक्री बोलाएर जोखाना देखाउने, हेराउने, मन्साउने कुलदेवता पूजा गर्दछन् तर आजकल यिनीहरू अरू जातिको प्रभावबाट कुनै पनि चेपाङ बिरामी भएमा झाँक्रीलाई देखाउनका साथै औषधी उपचार गराउन थालेका छन् ।

यिनीहरूको शैक्षिक अवस्था कमजोरीको कारणले गर्दा नोकरी, उद्योग, व्यापार, व्यवसायमा संलग्न नभई उही परम्परागत खेती मुख्य पेसाको रूपमा छ भने सहायक पेसाको रूपमा पशुपालन तथा घरेलु उद्योग छन् । मुख्य पेसा कृषि भए तापनि अनुत्पादन र

पहाडी भू-भाग, भिरालो जमिन, कृषिमा आधुनिकताको अभाव र परम्परागत खेतीका कारण कम उब्जनी हुने, उत्पादन गरेको अन्नले मुस्किलले ६ महिना खान पुग्ने र अन्य समय जङ्गली कन्दमुल खाएर सहायक पेसाबाट लिएको रूपैयाले उपभोग्य वस्तु खरिद गरेर जीवन निर्वाह गर्दछन् । यिनीहरूको मुख्य बाली मकै, कोदो भएकोले यिनीहरू अधिकांश समय ढिँडो तथा खोले  खान्छन् । अहिले विकासको क्रम तथा छिमेकी वडाहरूमा हुँदै गएको व्यापक तरकारी खेतीको कारण यिनीहरू ज्याला मजदुरी गर्न पाएका छन् । कृषिमा पहिलेको भन्दा खेती गर्ने प्रविधि सुधार भएको छ । अचेल यिनीहरू धान उब्जाउन तिरपनि लागेका छन् । आर्थिक अवस्था कमजोर हुँदाहुँदै पनि हाल आएर यिनीहरूले आफ्ना बालबालिका शिक्षाको महत्त्व बुझी विद्यालय पठाउन थालेका छन् । गाउँ विकास समतिमा जम्मा चेपाङ घरधुरी २८९ र जनसङ्ख्या १८५३ तथा वडा नं. ७ मा १०३ घरधुरी र ८३५ जनसङ्ख्या रहेको छ । हाँडीखोला गा.वि.स. मा २०९५७ जनसङ्ख्या मध्ये सबै भन्दा बढी तामाङ  १०२०६ अर्थात् ४८.६९ प्रतिशत, चेपाङ १८५३ अर्थात् ८.९०%, वडा नं. ७ मा जम्मा जनसङ्ख्याको ३.९८%, जम्मा चेपाङ जनसङ्ख्या १८५३ को ८३५ अर्थात् ४५.०६% रहेको छ । सबै भन्दा बढी नेपाली भाषा बोल्ने ५९.३६%, चेपाङ भाषा बोल्ने ५५२ अर्थात् २.६३% तथा वडा नं. ७ मा ८३५मा  ३१३ जना अर्थात् ३७.४८% ले चेपाङ भाषा बोल्ने गर्दछन् । अध्ययन गरिएको सबैभन्दा बढी जनसङ्ख्या घरधुरी भएको वडा नं. ७ को १०३ घरधुरी चेपाङमा १४५ जनाले प्राथमिक शिक्षा, ४७ जनाले निम्न माध्यमिक शिक्षा।, १५ जनाले माध्यमिक शिक्षा, २ जनाले प्रमाणपत्र तहको अध्ययन र २ जनाले स्नातक तहसम्मको अध्ययन पुरा गरिसकेका छन् । ५ वर्ष मुनि, ५-१६ वर्ष, १६-५९ वर्ष र ६० वर्ष भन्दा माथि उमेर अध्ययन गर्दा सबै भन्दा बढी १६-५९ वर्ष उमेरका ८७५ जना ४७.२२% र सबै भन्दा कम ६० वर्ष भन्दा माथिको ७९ जना अर्थात् ४.२६%  रहेका छन् । वडा नं. ८ मा २ जना महिला र ३ जना पुरुष गरी ५ जना अर्थात् १२.८२% तथा सङ्ख्याको हिसाबले वडा नं. ३ मा ५ जना महिला र २१ जना पुरुष गरी २६ जना अर्थात् ६.५% चेपाङहरु विभिन्न सङ्घ संस्थाहरुमा आबद्ध रहेका छन् । शैक्षिक अवस्था अध्ययन गर्दा वडा नं. ३ मा ३१.५% अर्थात् १३४ जना चेपाङहरु प्रा.वि., नि.मा.वि., मा.वि., प्रमाण पत्र तह, स्नातक उत्तिर्ण गरेका छन् । साक्षरताको अवस्था अध्ययन गर्दा सबै भन्दा बढी वडा नं. २ मा ७१ जना पुरुष अर्था ४४.०९% र सङ्ख्याको हिसाबले वडा नं. ७ मा १५० जना पुरुष अर्थात् ३४.०१% साक्षर, वडा नं. ६ मा ६७ जना पुरुष अर्थात् ७५.२९% निरक्षर रहेको तथा

वडा नं. ९ मा ७ जना अर्थात् २८% महिला साक्षर र वडा नं ८ मा २२ जना अर्थात् ९१.६७% महिला निरक्षर रही समग्रमा पुरुष ३५४ जना अर्थात् ३६.७२% साक्षर, ६१० अर्थात् ६३.२७% निरक्षर र १५५ जना महिला अर्थात् १७.४३% साक्षर र ७३४ अर्था ८२.४७% निरक्षर रहेका छन् । चेपाङ बस्तीबाट विद्यालयको दरी १५ मिनेट देखि २ घन्टासम्म समय लाग्ने रहेको छ । ओडारमा बसोबास गर्ने चेपाङहरूको यत्तीको शैक्षिक अवस्थालाई प्रगति नै मान्नुपर्दछ । तर जुन स्तरमा शैक्षिक उन्नति हुनु पर्ने हो त्यो नभएको चाहि यथार्थ हो । फुर्सदको समयमा बासको चोयाबाट डोको, डालो, नाङ्लो, भकारी बुन्ने चेपाङहरू अहिले प्रौढशिक्षा तथा आयआर्जन बासको चोयाबाट डोको, डालो, नाङ्लो, भकारी बुन्ने चेपाङहरू अहिले प्रौढशिक्षा तथा आयआर्जन शिक्षा तर्फ आकर्षित भएका छन् । कहिल्यै यिनीहरूलाई फुर्सद हुँदैन । यस क्षेत्रका चेपाङ जातिहरूमा एकात्मक तथा संयुक्त दुबै किसिमको विवाह भएको कारण संयुक्त परिवार प्रणाली रहेको मान्न सकिन्छ । परिवारमा महिला र पुरुषको वरावरी अधिकार रहेको त्यतिको पाइँदैन तर यिनीहरू काम बाँडफाँड गरेर सम्पन्न गर्दछन् । त्यसकारण चेपाङ जातिमा नारीको राम्रै स्थान देखिएको छ । परिवारको हरेक कार्यमा उसको अनिवार्य सल्लाह हुन्छ । यी जातिहरूमा मित लगाउने चलन हुने हुँदा यिनीहरूमा जन्म वा रक्त सम्बन्धी विवाह र मित लगायत गरी ३ किसिमका नातेदारी व्यवस्था रहेको हुन्छ । यिनीहरू नाताका आधारमा मर्दापर्दा आपतिवपतमा एकले अर्कालाई सहयोग गर्ने गर्दछन् ।

शैक्षिक जनचेतनाको कारणले यिनीहरूमा परिवार नियोजन सम्बन्धी ज्ञान आएको छ । यस गाविस मा ग्रामीण नेतृत्व यिनीहरूको छैन, अरूनै जातिले नेतृत्व गरेको पाइन्छ । आजकल यिनीहरूमा ग्रामीण क्षेत्रमा नेतृत्व क्षमता बृद्धि हुन थालेको छ । यस अध्ययन क्षेत्रका चेपाङ जातिहरूमा कम आवश्यक शैक्षिक स्तरका अभावमा सांस्कृतिक रूपान्तरण वैज्ञानिक र वस्तुवादी ढङ्गले गर्न सकेका छैनन् उही पुरानो जडसुत्रवादी संस्कारको जालोमा फसिरहेका छन् । उनीहरूको संस्कृतिहरूमा प्रमुख रूपमा जन्म संस्कार (न्वारन, पास्नी, छेवर), विवाह, मृत्यु संस्कार पर्दछन् । यिनहिरू बच्चा जन्मिएको ९ दिनमा न्वारन गर्दछन् । न्वारनमा झाँक्रीले प्रमुख भूमिका निर्वाह गर्दछन् भने नाम राख्दा मुख्य गरेर बारमा आधारमा तथा बाबु बाजेहरूको नामहरू राख्ने चलन छ । यिनीहरू विवाह गर्दा प्रायः आफ्नै जातिभत्र गर्दछन् । आजकल गुरुङ, मगर, तामाङहरूसँग पनि अन्तरजातीय विवाह गर्न थालेका छन् । यहाँका जातिहरूमा मागी विवाह, प्रेमविवाह, जारी विवाह, बहु

विवाह तथा बिधवा विवाह जस्तै सबै विवाह भए पनि प्रमुख रूपमा मागी विवाह गर्दछन् । यसरी मागी विवाह गर्दा पहिलो, दोस्रो र अन्तिम गरेर ३ पटक विवाह गर्ने गर्दछन् । विवाह गर्दा छोरीलाई चिउरीको रूख दाइजो दिने परम्परा यी जातिहरूमा बिस्तारै हराउँदै गइरहेको छ । यी जातिहरूमा मृत्यु संस्कार सम्मानपूर्वक गर्दछन् । यो संस्कारमा कुनै व्यक्ति मरेको १३ दिनमा जुठो फुकाउने कार्य गर्दछन् भन्न नसक्नेले १ वर्ष भित्रमा गर्दछन् । यस दिनमा सबै गाउँलेहरूलाई बोलाएर भोज खुवाउने गर्दछन् । काजक्रिया यिनीहरूको झाँक्रीबाट नै सम्पन्न हुन्छ । चेपाङहरुले कछाड, दौरा, सुरुबाल, गुन्यु, चोली, लुङ्गी, पेटीकोट पोसाक भेषभुषा लगाउँदछन् । हाल युवा युवतीहरु सट, पाइन्ट, टि-सर्ट लगाउँदछन् ।

यसरी हेर्दा चेपाङ जातिहरूमा सामाजिक, सांस्कृतिक पक्ष राम्रो भए पनि आर्थिक पक्ष र शैक्षिक पक्ष कमजोर रहेको छ । यिनीहरूको राजनैतिक उपस्थिति समेत कमजोर छ । समग्रमा यिनीहरूको सबै पक्षहरूको उन्नतिको लागि शैक्षिक पक्षमा आमूल परिवर्तन आवश्यक छ । शैक्षिक पक्षको सवलता र दुर्बलतासँग अरू सबै पक्षहरू निर्भर गर्ने हुँदा शैक्षिक पक्षको सुधारो आवश्यकता टड्कारो रूपमा देखिएको छ ।

## ६.२ निष्कर्ष

शिक्षा चेपाङ लगायत सम्पूर्ण जातजातिको अनिवार्य पक्ष हो । आजको वैज्ञानिक युगमा शिक्षाबिना मानव जाति अधुरो र अपुरो रहन्छ । सभ्य, सुसंस्कृत र आर्थिक रुपमा सम्पन्न र सुखी जीवन जिउनको लागि शिक्षा अपरिहार्य ज्ञान हो । चेपाङ जातिमा पनि यो लागू हुन्छ । नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक मुलुक भएकोले यो देश बहुल राष्ट्र हो । यहाँ विभिन्न आर्थिक, सामाजिक र सांस्कृतिक विविधता भएका मानिस बसोबास गर्दछन् । यी मध्ये चेपाङ जाति एक हो ।

यिनीहरूको बसोबासको सिलसिलामा महाभारत पर्वतभिर, पाखापखेरा, आदिमा रहँदै आएका छन् । यस जातिको मुल बसोबास चितवनको उत्तरपूर्वी पहाडी क्षेत्र, मकवानपुरको पश्चिमी पहाडी क्षेत्र, धादिङ र गोरखाको दक्षिणी क्षेत्र अन्तर्गतका पहाडी क्षेत्रमा पाखा-पखेरामा पाइन्छ । यिनहिरू पाखा-पखेरामा बसोबास गर्ने भएकोले शैक्षिक स्तर कमजोर देखिएको छ । यी चेपाङ जातिहरू परम्परादेखि बसोबास गर्ने भएकोले यिनीहरूलाई आदिबासी मान्न सकिन्छ । यिनीहरूमा शैक्षिक चेतनाको अभावबाट अज्ञानता, अर्काको आश गर्ने, हेपाहा प्रवृति र अन्धविश्वासमा ग्रस्त छन् । आफ्नो पुर्खादेखि चलिआएको

रीतिरिवाज, परम्परा, संस्कृति आज पनि मान्दै आइरहेका छन् । यिनीहरुको समाजमा विभिन्न प्रकारको अन्धविश्वास, कुरीति यद्यपि रहिरहेको पाइन्छ । चेपाङ जातिहरुको उत्पति र बासस्थानको बारेमा विद्वान्हरुको स्पष्ट मत रहेको पाइँदैन । दोलखाको सुनाथलीबाट बसोबास सर्दै हाल चितवन, मकवानपुर, गोर्खा, धादिङमा विशेष गरी र छिटपुट रुपमा अन्य जिल्लाहरुमा पनि बसोबास गर्दै रहेको आइरहेको पाइन्छ । स्थलगत रुपमा अध्ययन गर्दा हाँडीखोला चेपाङहरुको बसोबास १०० वर्ष अगाडिदेखि भएको पाइन्छ । उनीहरु आफूलाई प्रजा र चेपाङ थर लेख्न रुचाउँदछन् । हाल बनकरिया भन्ने जाति चेपाङ नै हो भनेर ठोकुवा गर्ने गर्दछन् । हाँडीखोलाका चेपाङहरु हिन्दु धर्म मान्ने भए तापनि हाल आएर केहीले क्रिस्चियन धर्म अगाल्न थालेका छन् भने अगुवाहरु प्राकृतिक धर्म भनेर प्रचारप्रसार गरिरहेका छन् । शैक्षिक अवस्था विगतको भन्दा क्रमशः सुधार हुँदै गइरहेको पाइन्छ । आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउनको लागि सचेत हुन थालेका छन् । तै पनि समय अनुसार र शैक्षिक विकासको अवस्था अनुसार अन्य जाति भन्दा पछाडि रहेको पाइन्छ । केही चेपाङ युवाहरु क्याम्पस अध्ययन गर्न थालेका छन् । उनीहरुलाई शैक्षिक विकासको लागि राज्य, सरकार, स्थानीय निकायबाट छात्रवृत्ति, पेसाक, वितरण, निशुल्क भर्ना र मासिक शुल्क, दिवा खाजा व्यवस्था गर्नुपर्ने टडकारो आवश्यकता देखिन्छ । गाउँ, समाजका आमा समूह, उपभोक्ता समिति, सहकारी सङ्घ संस्था, विद्यालय लगायतका सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, सङ्घसंस्थाहरुमा आबद्ध गरी सशक्तीकरण गर्दै लैजानुपर्ने देखिन्छ । राजनैतिक रुपमा र रोजगारीका अवसरहरु तथा सङ्घ संस्थाहरुमा समावेशीकरणको सिद्धान्त अनुरुप राष्ट्रिय मूल प्रवाहमा समाहित गराउनु पर्ने आवश्यकता रहेको छ । चेपाङहरुको शिक्षामा र समुदायमा पहुँच कम हुनु तथा शैक्षिक अवस्थामा प्रभाव पार्ने तङ्खवहरु यस स्रोत कार्यबाट पहिचान भएको छ । बेरोजगारी, विपन्नता, फजुल खर्च, गरिबी, संस्कृति, परम्परा, सानो उमेरमा विवाह १ भन्दा बढी विवाह गर्ने प्रचलन, अर्काको आशा गर्ने पर निर्भरता, अन्धविश्वास, धामी, झाँक्रीप्रति बढी विश्वास, हेपाहा प्रवृति, मेहनत परिश्रम नगर्ने बानी, विद्यालय र चेपाङ बस्ती बिचको दूरी टाढा, समय बढी लाग्ने, अभिभावकहरुमा सिप र आयश्रोतको कमी, सुरक्षित बासस्थानको अभाव, आफ्नो नाममा जग्गा जमिन नहुनु, भएकाहरुको पनि कम हुनु, धेरै हुनेहरुले बेचविखन गर्नु, धेरै छोराछोरीहरु जन्माउनु, आधारभूत पूर्वाधारका विकासका अवसर सेवा सुविधाहरु नहुनु, स्थानीय निकाय, राज्य सरकारको ध्यान नपुग्नु, प्रजा विकास कार्यक्रमको प्रभावकारीता कम

हुनु, चेपाङहरु आफैमा रहेको विकृति विसङ्गतिहरु मादक पदार्थ र लागू पदार्थ सेवनमा बृद्धि हुनु, सामाजिक र राजनैतिकमा सक्रियता नहुनु, छरछिमेक समाजबाट फरक दृष्टिकोणबाट हेरिनु, चेपाङहरुमा एकाताको कमी हुनु, परम्परागत खेती प्रणाली कायम रहनु, एक अर्कामा सहयोग, समन्वय र सहकार्यको अभाव रहनु र विद्यालयमा शैक्षिक सामाग्री, खेलकुद सामाग्री, पोसाक, दिवा खाजा, छात्रा वृद्धि उपलब्ध नहुनुकै कारणले नै शिक्षामा चेपाङहरुको पहुँच नपुगको र यी माथिका विषयहरु नै शिक्षामा प्रभाव पार्ने तङ्खवहरु हुन् । यी कमिकजोरी सुधार्नको लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

## ६.३ सुझाव

नेपाल चार वर्ण छत्तिस जातको फूलवारी भएकोले यहाँको विभिन्न जाति जनजातिहरुको समष्टिगत संस्कृति नै नेपालको संस्कृति हो । त्यसैले कुनै पनि जातिको संस्कृति लोप हुनु भएकोले भौगोलिक संस्कृतिको संरक्षण र सम्बर्धन हुनु अति आवश्यक छ । त्यस्तै गरेर छत्तिस जातको फूलबारीमा आर्थिक विविधता रहेकाले जहिलेसम्म आर्थिक रुपमा कुनै पनि मानिस वा जाति सक्रिय हुन सक्दैन, तबसम्म उसलाई आफ्नो पेटको ज्वालाले सबै कुरा बिर्सादिने हुँदा सामाजिक तथा सांस्कृतिक पक्षको विकासको सम्भावना कम हुने हुँदा आर्थिक पक्षलाई मजबुत पार्न सीमित स्रोत र साधनलाई अधिकतम उपयोग गरेर सुधार गर्नुपर्ने आजको प्रमुख आवश्यकता छ । यसरी आर्थिक अभावको कारण यस अध्ययन क्षेत्रका चेपाङ जातिहरु आफ्ना महङ्खवपूर्ण चाडपर्वहरु पनि कम मान्न थालेकोले यहाँका चेपाङ जातिका संस्कृति लोप हुन थालेको पो हो की भन्ने आभास पाइन्छ ।

यसरी विविध कारणवश लोप हुन लागेको मौलिक संस्कृति यसरी नै क्रमश: छाडिदिने हो भने चाड नै यिनीहरुको संस्कृति नै समाप्त नहोला भन्न सकिन्न । यसैले यस जातिको संस्कृतिलाई खोज अनुसन्धान गरी लेखाबद्ध गरिएन भने भविष्यमा एउटा अलिखित इतिहासको रुपमा मात्र रहने हुँदा संस्कृतिको संरक्षणको लागि सामाजिक, आर्थिक र शैक्षिक पक्षमा आमूल सुधार ल्याउनुपर्ने देखिएकोले सोतर्फ प्रस्तुत गरिएको छ :

१. शैक्षिक जनचेतना फैलाई औपचारिक शिक्षा तर्फ लाग्न चेपाङ जातिलाई प्रोत्साहित गर्ने ।
२. छात्रवृति वितरण, निशुल्क भर्ना र मासिक शुल्क, दिवा खाजा, पोशाक सुविधा, शैक्षिक सामग्री, खेलकुद सामग्री वितरणको व्यवस्था गर्नुपर्ने ।

३. यस अध्ययन क्षेत्रमा रहेका चेपाङ जातिको शैक्षिक स्थिति ज्यादै न्यून भएको देखिन्छ । विद्यालयको सुविधा भए पनि सबैले आफ्ना छोराछोरीलाई विद्यालय पठाएका छैनन् । विद्यालय नजानुको कारण खोजी गर्नु पर्ने ।

४. शैक्षिक विकासको लागि विविध अवसरहरु प्रदान गरी विकासको मूल प्रवाहमा आबद्ध गर्नुपर्ने ।

५. विद्यालय तर्फ आकर्षित गर्नको लागि कार्यक्रम ल्याई शैक्षिक चेतना वृद्धि गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरु ल्याउनु पर्ने ।

६. बालबालिकाहरुलाई शिक्षित बनाउन अभिभावकहरुको रोजगारी र आय आर्जनको ग्यारेन्टी गर्नुपर्ने ।

७. चेपाङहरुको शैक्षिक क्षेत्र आधारभूत पक्षहरु जस्तैः विद्यालय भर्ना, कक्षा, विद्यालय छाड्नेहरु, उत्तिर्ण यसमा महिलाहरुको अवस्था लगायतका शिर्षकहरुमा थप अध्ययन गर्नुपर्ने आवश्यकता रहेको छ ।